'मजदुर'
विज्ञापन शाखा
कमलविनायक, नगांचा, भक्तपुर-१०
फोन नं.: ०१-६६१९१०७
विज्ञापनको लागि
Viber No.: 9744424465
Gmail:
majdurdailybigyapan@gmail.com
मजदुर The Worker Daily दैनिक

भ.पुजि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

'मजदुर' दैनिक पत्रिका
नियमित पढ्ने गरौँ ।
नयाँ ग्राहक बन्न चाहनुहुने महानुभावहरूले
मो.नं. ९८०३६९७३२३ मा
सम्पर्क राखी थप जानकारी
प्राप्त गर्न सकिनेछ ।
मजदुर The Worker Daily दैनिक

★ वर्ष : २८ ★ अङ्क : २५६ ★ ने. सं. ११४६ जला गा, एकादशी ★ मङ्गलबार ★ २० असोज, २०८३ ★ October 6, 2026, Tuesday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८

## संस्कृति संरक्षणमा युवाको उत्साहजनक सहभागिता सांस्कृतिक उपलब्धि : बिजुक्छें




भक्तपुर, १९ असोज । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले भक्तपुरका युवा पुस्ता सांस्कृतिक क्रियाकलापमा सक्रिय हुँदै संस्कृति संरक्षण र संवर्द्धनमा अग्रसर हुनु सांस्कृतिक उपलब्धि भएको बताउनुभएको छ ।

भक्तपुर नगरपालिका-५ को आयोजनामा आइतबार सम्पन्न सांस्कृतिक समूहको भेलामा बोल्दै अध्यक्ष बिजुक्छेँले मनोरञ्जन वा मठमन्दिरको भ्रमणको क्रममा मात्र बाजागाजाको प्रयोग नहुने बताउँदै युद्ध, जन्म, मृत्यु तथा अन्य सामाजिक अवसरमा समेत यसको महत्त्वपूर्ण भूमिका रहने उल्लेख गर्नुभयो । उहाँले बाजागाजा हाम्रो संस्कृति र जीवनपद्धतिको अभिन्न अङ्ग भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "युवाहरू सांस्कृतिक क्रियाकलापमा अगाडि बढ्दै छन् । कला-संस्कृतिको संरक्षण र संवर्द्धनमा लागिपरेका छन् । यसलाई सांस्कृतिक उपलब्धि मान्न सकिन्छ । मनोरञ्जन वा मठमन्दिरको घुमघामका बेलामा मात्र बाजागाजाको उपयोग हुने होइन । बरु युद्धका बेला, मर्दापर्दासमेत यसको महत्त्व रहने हुँदा यो हाम्रो संस्कृति र जीवनपद्धति पनि हो ।"

मैथिली संस्कृतिमा सुख-दुःख मात्र नभई विभिन्न मनोभावसमेत गीतमार्फत अभिव्यक्त गर्ने परम्परा रहेको उल्लेख गर्दै उहाँले संस्कृति संरक्षणमा युवा पुस्ता अग्रसर हुनु सुखद पक्ष भएको बताउनुभयो ।

गाईजात्रा (सापारु) २०८३ को अवसरमा भक्तपुर नगरपालिकाले आयोजना गरेको विभिन्न विधाका सांस्कृतिक प्रदर्शनमा पुरस्कृत सांस्कृतिक समूह, संस्कृतिकर्मी तथा गुरुहरूलाई धन्यवाद तथा बधाई ज्ञापन गर्न उक्त कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा प्रमुख अतिथि बिजुक्छेँले पाँच सांस्कृतिक समूह - श्री चण्डेश्वरी धिमे पुच, खिँछे दाफा भजन खल, मुक्ति सङ्गीत प्रशिक्षण केन्द्र, गलसी पुखु देवी प्याखं र ख्वप देवी प्याखं (महाकाली नाच) खल - लाई कदरपत्र तथा मायाको चिनो प्रदान गर्नुभयो ।

काठमाडौँ विश्वविद्यालयका सङ्गीत विधाका प्राध्यापक तथा सांस्कृतिक गुरु राजकुमार मानन्धरले नेपाली संस्कृतिको प्रमुख धरोहरमध्ये नौबाजा परम्परा अत्यन्त महत्त्वपूर्ण रहेको बताउनुभयो । समय र संस्कृतिकर्मीको अभावका कारण यसको संरक्षण चुनौतीपूर्ण बन्दै गएको उल्लेख गर्दै उहाँले युवा पुस्ताको सक्रिय सहभागिताले नै गाईजात्रा तथा सापारु पर्वलाई जीवन्त राख्न सहयोग पुगेको बताउनुभयो ।

नयाँ पुस्ताका संस्कृतिकर्मी रेशिका जधारी, शुष्मी आचार्य, विविके दण्देख्या र विक्रम ढुकुछु तथा संस्कृति गुरु केदार किजूले संस्कृति संरक्षणमा युवाको भूमिकाबारे आ-आफ्नो धारणा राख्नुभयो ।

कार्यक्रमको सभापतित्व गर्दै वडा नं. ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँले यस्ता भेटघाटले सामाजिक सम्बन्ध र संवादलाई जीवन्त राख्न सहयोग पुग्ने बताउनुभयो । उहाँले संस्कृति संरक्षणमा युवा पुस्ताको भूमिका अपरिहार्य रहेको उल्लेख गर्नुभयो ।

कार्यक्रम सञ्चालन वडा सदस्य नारायणप्रसाद त्वानाबासुले गर्नुभएको थियो ।

## सरकारहरूको कुशासनका कारण देश जटिलतामा

दैलेख, १९ असोज । नेपाल मजदुर किसान पार्टी दैलेख जिल्ला समितिको आयोजनामा सोमबार माथिल्लो डुङ्गेश्वरमा देशको समसामयिक राजनीति विषयमा कार्यकर्ता प्रशिक्षण कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका सचिव प्रेम सुवालले भन्नुभयो, "बहुदल र गणतन्त्रको ३५ वर्षयता सरकारमा गएका दल र तिनका नेताहरूले देश र जनताको निःस्वार्थ सेवा नगरेको बरू पक्षपात र भ्रष्टाचार गरेको हुँदा गतवर्ष भदौ २३ र २४ गते उपद्रो गर्नेहरूलाई मौका मिलेको हो ।"

नेपाल मजदुर किसान पार्टीले पञ्चायतकालदेखि कर्णालीमा काम गरी खाने वर्गबिच सङ्गठन गर्दै आएको स्पष्ट पार्दै उहाँले भन्नुभयो, "अहिले पनि पार्टी देश र जनताको निःस्वार्थ सेवामा लागेको छ । पुँजीवादी निर्वाचनको परिणामले नेमकिपाका कार्यकर्ताहरू उत्साहित र निरूत्साहित दुवै हुनु जरूरी छैन । व्यापक जनतामा राजनीतिक सचेतताविना देशमा आमूल परिवर्तन सम्भव छैन । पार्टी प्रकाशन अध्ययन र अन्तरक्रियालाई निरन्तरता दिनु जरूरी छ ।"

नेमकिपा कर्णाली प्रदेस संयोजक सरोजराज गोसाईंले पार्टीमा प्रजातान्त्रिक तरिकाबाट सबैको विचार अन्तरक्रिया गरेर नयाँ विचार निर्माण हुने धारणा राख्दै नयाँ विचारलाई कामदार वर्गको पक्षमा परीक्षण गरेर हेर्नुपर्छ भन्नुभयो ।

विचारलाई व्यवहारमा लागू गर्न सके जीवन्त हुने चर्चा गर्दै संयोजक गोसाईंले समाजमा परिवर्तन ल्याउन कामदार वर्गप्रति खरो पक्षधर हुनु आवश्यक छ भन्नुभयो ।

नेमकिपाका पूर्व केन्द्रीय सदस्य उदयजङ्ग शाहीले पार्टी बैठकमा सिकेका विषय जनताको घरदैलोमा पुऱ्याउनुपर्नेमा जोड दिँदै नयाँ जोस जाँगरका साथ नयाँ पुस्ता पार्टी नीतिअनुसार सक्रिय हुनुपर्छ भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य हरिसुन्दर वासीले नवउदारवादी पुँजीपतिहरूले कामदार जनतालाई पनि लोभ देखाई विचलित बनाउने गरेकोले अध्ययन र अनुभवबाट कार्यकर्ताहरूले आफूलाई निखार्दै जानुपर्छ भन्नुभयो ।

अर्का केन्द्रीय सदस्य बखतबहादुर थापाले भारतीय शासकहरूले नेपाललाई सार्वभौम देश नभई आफ्नै प्रान्तजस्तो व्यवहार गरेका कारण नेपाल भारतबिचमा सम्बन्ध सहज नभएको बताउनुभयो ।

नेमकिपा दैलेखका जिल्ला सचिव विन्दुलाल रेग्मीको सभापतित्वमा सम्पन्न कार्यक्रममा सहभागीहरूले आ-आफ्ना धारणा र जिज्ञासा राखेका थिए ।

## महाकाली क्षेत्र संरक्षण समितिको साधारणसभा
## जनताको सेवामा जनप्रतिनिधिहरू तल्लीन भइरहने



भक्तपुर, १९ असोज । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा महाकाली क्षेत्र संरक्षण समितिको साधारणसभा सम्पन्न भयो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले नगरपालिकाले गर्दै आएको विकास निर्माणको चर्चा गर्दै पछिल्लो समयमा ज्येष्ठ नागरिकहरू राख्नको लागि आदर निकेतनको भवन निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याएको बताउनुभयो ।

हाल ३० जना ज्येष्ठ नागरिकहरू राखेर सुरु भएको आदर निकेतनमा सात जना कर्मचारीहरू लगनशील भएर कार्य गरिरहेको उहाँले बताउनुभयो ।

भनपाले शिशुस्याहारदेखि कलेजहरू सञ्चालन गरिरहेको र ख्वप विश्वविद्यालय सञ्चालन गर्ने तयारी गरिरहेको चर्चा गर्दै निम्न आय भएका जनताको सेवा सुविधाको लागि कलेजहरू सञ्चालन भइरहेको बताउनुभयो । ख्वप अस्पतालको स्थापनाले धेरै जनताको सेवा भइरहेको चर्चा गर्दै उहाँले भक्तपुर नगरका जनताको सेवामा जनप्रतिनिधिहरू तल्लीन भइरहने बताउनुभयो ।

कार्यक्रमका सभापति एवम् भनपा वडा नं. ६ का वडाध्यक्ष हरिराम सुवालले आदर निकेतन राम्रोसँग सञ्चालन गर्न लागिरहेको र आगामी दिनमा अरु वडामा पनि आदर निकेतन सञ्चालन गर्न सकिने बताउनुभयो । उहाँले महाकाली पीठमा रहेका सम्पदा संरक्षण र धार्मिकस्थललाई संवर्द्धन गर्न प्रतिबद्ध रहेको चर्चा गर्दै समिति सदस्यहरू महाकाली पीठको विकासको लागि प्रयत्नशील रहेको बताउनुभयो ।

समाजसेवी राजेन्द्रभक्त प्रधानांगले समाजसेवा एक उदाहरणीय कार्य भएको चर्चा गर्दै नयाँ पुस्ता यस कार्यमा लाग्नुपर्ने बताउनुभयो ।

समितिका कोषाध्यक्ष न्हुछेरत्न खाइतुले समितिको

बाँकी पृष्ठ २ मा

## विकासोन्मुख देशको आवश्यकतामा केन्द्रित हुँदै चीनको विकास पहल

पेइचिङ, १९ असोज (सिन्ह्वा) । चीनले सुरु गरेको विश्वव्यापी विकास पहल पाँच वर्ष पूरा भएको छ । पछिल्लो समय यो पहल विकासोन्मुख देशका आवश्यकता पूरा गर्न व्यवहारिक सहयोगमा बढी केन्द्रित हुँदै गएको संयुक्त राष्ट्रसङ्घको एक वरिष्ठ अधिकारीले बताउनुभएको छ ।

संयुक्त राष्ट्रसङ्घको दक्षिण-दक्षिण सहकार्य कार्यालयको निर्देशक दिमा अल-खतिबले यो पहलले विकासका लागि देशहरूबिच साझेदारी, ज्ञान र स्रोत जुटाउन सहयोग गरेको बताउनुभयो ।

संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमका अनुसार सन् २०२४ को अन्त्यसम्म यस पहलअन्तर्गत ६ सयभन्दा बढी परियोजना सुरु भइसकेका वा सञ्चालनमा रहेका थिए । सन् २०२५ को मार्चसम्म परियोजनाका लागि १४ अर्ब अमेरिकी डलर बराबरको लगानी प्रतिबद्धता जुटाइएको थियो ।

**विकासोन्मुख देशलाई सहयोग**

अल-खतिबका अनुसार दक्षिण-दक्षिण सहकार्यको उद्देश्य एउटा देशको अनुभव अर्को देशको आवश्यकताअनुसार प्रयोग गर्नु हो । यसअन्तर्गत ६० भन्दा बढी प्राविधिक संस्थालाई जोडेर विकासोन्मुख देशबिच सहकार्य बढाउने परियोजना सञ्चालन भइरहेको छ ।

पश्चिम अफ्रिकामा धान उत्पादन बढाउन प्रविधि र तालिम दिइँदै छ । यसबाट कृषि उत्पादन बढाउनुका साथै उत्पादनपछि हुने क्षति घटाउने र ग्रामीण क्षेत्रमा रोजगारी तथा आम्दानी बढाउने लक्ष्य राखिएको छ ।

डिजिटल क्षेत्रमा पनि सहकार्य भइरहेको छ । विद्युतीय व्यापारसम्बन्धी तालिममा ९० भन्दा बढी देशका मानिस सहभागी भएका छन् । २२ विकासोन्मुख देशका नीति निर्माताले चीनमा पुगेर यससम्बन्धी अध्ययनसमेत गरेका छन् ।

**सन् २०३० को लक्ष्यमा जोड**

सन् २०३० को दिगो विकास लक्ष्य पूरा गर्न अब चार वर्ष मात्र बाँकी रहेको अवस्थामा विकासको कामलाई अझ तीव्र बनाउनुपर्ने अल-खतिबले बताउनुभयो ।

उहाँका अनुसार विकासोन्मुख देशका आवश्यकताअनुसार प्रविधि, प्राविधिक ज्ञान, आर्थिक सहयोग र तालिम उपलब्ध गराउन विश्वव्यापी विकास पहलले सहयोग गर्न सक्छ ।

बाँकी पृष्ठ ८ मा



**भक्तपुर दरबार क्षेत्रमा विदेशी पर्यटक**

विश्व सम्पदा सूचीमा सूचिकृत भक्तपुर दरबार क्षेत्रमा रहेका सम्पदाको अवलोकन गर्दै विदेशी पर्यटक । यहाँका प्राचीन मन्दिर, कलात्मक मूर्ति, वास्तुकला र सांस्कृतिक सम्पदाले भक्तपुरको मौलिक पहिचान झल्काउनुका साथै पर्यटकलाई आकर्षित गर्ने गरेका छन् । *तस्बिर: प्रविन पौडेल/रासस*

## भक्तपुरको प्लास्टिक दाना बनाउने कारखानामा आगलागी




भक्तपुर, १९ असोज । सूर्यविनायक नगरपालिका-८ जगातीस्थित कँपलिचोकमा सञ्चालित प्लास्टिक दाना बनाउने कारखानामा सोमबार बिहान आगलागी भएको छ ।

नवराज भट्टले सञ्चालन गरेको विके सप्लायर्समा सोमबार बिहान आगलागी भएको हो । जुद्ध बारुण यन्त्र भक्तपुरको दमकल र स्थानीयहरूको सहायोगमा करिब दुई घण्टामा आगो नियन्त्रणमा लिइएको थियो ।

जुद्ध बारुण यन्त्र कार्यालय भक्तपुरका प्रमुख विजय धौभडेलका अनुसार आगलागीबाट कारखानामा रहेका सम्पूर्ण मेसिनरी सामान तथा प्लास्टिकका कच्चा पदार्थ पूर्ण रूपमा नष्ट भएका छन् । कारखानासँगै जोडिएको दिनेश मचामसीको घरमा समेत क्षति पुगेको छ ।

आगलागीबाट करिब ४० लाखभन्दा बढी क्षति भएको अनुमान गरिएको प्रहरीले जानकारी दिएको छ । आगलागीको कारण भने खुलेको छैन भने घटनास्थलमा प्रहरीले अनुसन्धान जारी राखेको छ ।

## सडक पूर्वाधारमा साढे २१ अर्बको क्षति
# सडकको 'डिजाइन कोड' फेर्दै सरकार

काठमाडौँ, १९ असोज (रातोपाटी) । यस वर्षको विनाशकारी बाढीपहिरोले नेपालको पूर्वाधार विकासको मोडेललाई गम्भीर समीक्षा गर्न बाध्य बनाएको छ । अबको पुनर्निर्माण सस्तो र छिटो होइन, बलियो, भौगोलिक रूपमा सुहाउँदो र जलवायु उत्थानशील हुनुपर्ने सुझाव सरोकारवालाहरूले दिएका छन् । साथै सरकारले नयाँ आयोजनामा सडकको डिजाइन कोड परिमार्जन गर्ने र पिलररहित पुल बनाउने जनाएको छ ।

गत भदौ १० गतेको विनाशकारी बाढी र पहिरोले देशको सडक पूर्वाधार र पुलहरूमा अकल्पनीय क्षति पुर्‍याएपछि सरकार आफ्नो परम्परागत निर्माण शैली र इन्जिनियरिङ मापदण्ड बदल्न बाध्य भएको जनाएको छ । बाढीले सडक र पुलतर्फ मात्रै करिब २१ अर्ब ५० करोड रुपैयाँ बराबरको क्षति पुर्‍याएको प्रारम्भिक तथ्याङ्क सार्वजनिक गर्दै सडक विभागले अब पूर्वाधार निर्माणको 'डिजाइन कोड' नै परिवर्तन गर्ने घोषणा गरेको छ ।

नेपाल पूर्वाधार पत्रकार समाजद्वारा राजधानीमा आयोजित 'बाढी, पहिरोले सडक पूर्वाधारमा गरेको क्षति र अबको पुनर्निर्माण' विषयक कार्यक्रममा सरोकारवाला निकायका प्रमुख तथा विज्ञहरूले विगतका गल्तीहरूबाट पाठ सिक्दै अब 'क्लाइमेट रेजिलेन्ट' (जलवायु अनुकूलन) पूर्वाधार निर्माणतर्फ लाग्नुको विकल्प नभएको निष्कर्ष निकालेका छन् । सबैभन्दा महत्त्वपूर्ण पाठका रूपमा अब नदीको बिचमा पिलर (पियर) नभएका लामा (लङ स्पान) र अग्ला पुलहरू निर्माण गर्ने नीति राज्यले अघि सारेको छ ।

**पुलका पिलरले बाढी थेग्न नसकेपछि 'डिजाइन कोड' फेर्ने तयारी**

सडक विभागका महानिर्देशक डा. विजय जैसीले पछिल्लो बाढीपहिरोले नेपालको इन्जिनियरिङलाई नयाँ शिक्षा दिएको बताउनुभयो । पुलको डिजाइन गर्दा हामीले १०० वर्षको 'रिटर्न पिरियड' (बाढी आउने चक्र) को आकलन गर्थ्यौँ, तर त्यो १०० वर्षपछि आउँछ भन्ने होइन, भोलि नै आउन पनि सक्छ भन्ने स्ट्याटिस्टिकल तथ्यलाई हामीले बुझ्नुपर्छ । महानिर्देशक जैसीले भन्नुभयो, "अब महत्त्वपूर्ण पुलहरूमा यो मापदण्ड रिभाइज गर्नुपर्ने देखिएको छ । पुल र पानीको सतहबिचको उचाइ (फ्री बोर्ड) पनि बढाउनुपर्ने र समग्र डिजाइन कोड नै परिवर्तन गर्नुपर्ने अवस्था आएको छ ।"

विगतमा पानीको बहावलाई मात्र हिसाब गरेर पुलको डिजाइन गर्ने गरिएकोमा अब लेदो, माटो र ढुङ्गामुढासहितको डेब्रिज फ्लोले दिने अतिरिक्त भारलाई पनि डिजाइनमा अनिवार्य समावेश गरिने उहाँले बताउनुभयो ।

**विकास बजेट पुनर्निर्माणमा डाइभर्ट : सडक-पुलका लागि ५३ अर्ब माग**

विपद्ले देशको समग्र विकास बजेट र अर्थतन्त्रलाई नै गम्भीर असर पारेको छ । सडक विभागको प्रारम्भिक विवरणअनुसार सडक पूर्वाधारतर्फ मात्रै साढे १५ अर्ब र पुलहरूतर्फ करिब ६ अर्ब गरी साढे २१ अर्ब रुपैयाँ बराबरको क्षति भएको छ ।

महानिर्देशक जैसीका अनुसार भत्किएका संरचनाहरूलाई त्यही अवस्थामा फर्काउन मात्रै करिब ४० अर्ब रुपैयाँ लाग्नेछ ।

**सडक विभागमा 'डिजास्टर युनिट' र वैकल्पिक सञ्जालको तयारी**

एउटै मात्र पुल वा बाटोमा निर्भर पर्दा सङ्कटको बेला पूरै जिल्ला सदरमुकाम नै सम्पर्कविहीन हुने अवस्था यसपटक देखियो । यसलाई मध्यनजर गर्दै अब ७७ वटै जिल्ला सदरमुकामलाई कम्तीमा दुईदेखि तीन ठाउँबाट जोड्ने गरी वैकल्पिक सडक सञ्जाल विकास गरिने महानिर्देशक जैसीले बताउनुभयो ।

अहिलेको विपद्मा काठमाडौँ उपत्यका जोड्ने लाइफलाइन सडक बन्द हुँदा उपत्यकामा त्यसको प्रभाव निकै परेको थियो । नागढुङ्गा-मुग्लिन सडकको उपयुक्त विकल्प नहुँदा आवागमन रोकिनुका साथै आपूर्ति प्रणाली नै प्रभावित बनेको थियो । अब सरकारले राष्ट्रिय गौरवका आयोजना काठमाडौँ-तराई/मधेस फास्ट ट्र्याकलाई प्रमुख सडकको रूपमा स्थापित गर्ने तयारी गरेको छ ।

## ढिस्कोमा पुरिएका दुई मजदुरको मृत्यु, एकजनाको उद्धार

बागलुङ, १९ असोज । निसीखोला गाउँपालिका-३ बोहरागाउँमा सडक निर्माणका क्रममा अचानक माटोको ढिस्को खस्दा पुरिएका तीन मजदुरमध्ये दुई जनाको मृत्यु भएको छ भने अर्का पुरिएका एक मजदुरको घाइते अवस्थामा उद्धार गरिएको छ ।

सोमबार बिहान करिब ७:३० बजेको समयमा काप्रा-बोहरागाउँ-छापाखानी प्यूठान सडकखण्ड निर्माणका क्रममा काम गरिरहेका सल्यानका २८ वर्षीय लालबहादुर बुढाथोकी र उदयपुर गाईघाटका ३२ वर्षीय राजु थापाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक फडिन्द्र प्रसाईंले जानकारी दिनुभयो ।

पुरिएकामध्ये दुई जनाको उद्धार गर्ने क्रममा घटनास्थलमा नै मृत्यु भएको छ भने रोल्पाका कृष्ण घर्ती मगरलाई गम्भीर घाइते अवस्थामा उद्धार गरी अस्पताल पुर्‍याइएको छ ।

घाइतेको उपचारका लागि प्रादेशिक अस्पताल बुर्तिबाङ लगिएको निसीखोला गाउँपालिका-३ का वडाअध्यक्ष रमेशविक्रम शाहीले जानकारी दिनुभयो । चालक भद्र मल्लले चलाएको लु१क ३४४६ नम्बरको जेसिबीले बाटो स्तरोन्नति गर्ने क्रममा अचानक माटोको ढिस्को खस्दा काम गरिरहेका मजदुर पुरिएका थिए । ***रासस***

## प्रकाशले मस्तिष्कका कोष चलाउने प्रविधिका लागि तीन वैज्ञानिकलाई यस वर्षको नोबेल

काठमाडौँ, १९ असोज । मस्तिष्कका विशेष स्नायु कोष (नर्भ सेल) लाई प्रकाशको माध्यमबाट सक्रिय वा निष्क्रिय बनाउन सकिने प्रविधि 'अप्टोजेनेटिक्स' विकासमा महत्त्वपूर्ण योगदान पुर्‍याएका तीन वैज्ञानिकले सन् २०२६ को शरीर विज्ञान तथा चिकित्साशास्त्रतर्फ नोबेल पुरस्कार पाएका छन् ।

अमेरिकी वैज्ञानिक कार्ल डाइसेरोथ तथा जर्मनीका पिटर हेगेम्यान र जर्ज नागेललाई यस वर्षको नोबेल पुरस्कार दिने घोषणा सोमबार गरिएको हो ।

५४ वर्षीय डाइसेरोथ, ७१ वर्षीय हेगेम्यान र ७३ वर्षीय नागेललाई 'प्रकाशबाट नियन्त्रित आयन च्यानल र अप्टोजेनेटिक्ससम्बन्धी खोज' का लागि पुरस्कार दिइएको भनेर अन्तर्राष्ट्रिय समाचार संस्था रोयटर्सले जनाएको छ ।

तीनै वैज्ञानिकले करिब १२ लाख अमेरिकी डलर बराबरको पुरस्कार रकम बाँड्ने छन् ।

अप्टोजेनेटिक्स भनेको के हो ?

सरल भाषामा भन्नुपर्दा, अप्टोजेनेटिक्स भनेको प्रकाश प्रयोग गरेर मस्तिष्कका निश्चित स्नायु कोषलाई 'अन' वा 'अफ' गर्ने प्रविधि हो ।

हाम्रो मस्तिष्कका स्नायु कोषले विद्युतीय सङ्केतका माध्यमबाट एकअर्कासँग सम्पर्क गर्छन् । कुन कोष सक्रिय हुँदा मानिसले कुनै गतिविधि गर्छ, निदाउँछ, सम्झिन्छ वा कुनै व्यवहार देखाउँछ भन्ने अध्ययन गर्न वैज्ञानिकहरूलाई ती कोषलाई छुट्टाछुट्टै नियन्त्रण गर्ने उपाय आवश्यक थियो । अप्टोजेनेटिक्सले त्यही काम गर्न मद्दत गर्छ ।

यस प्रविधिमा स्नायु कोषमा प्रकाशप्रति संवेदनशील विशेष प्रोटिन राखिन्छ । त्यसपछि निश्चित तरङ्गको प्रकाश प्रयोग गर्दा ती कोष सक्रिय हुन्छन् वा निष्क्रिय हुन्छन् । यसलाई मस्तिष्कभित्रका निश्चित कोषका लागि प्रकाशबाट चल्ने स्विचजस्तै बुझ्न सकिन्छ ।

यस विधिबाट जीवित मस्तिष्कमा रहेका व्यक्तिगत स्नायु कोषको गतिविधि नै नियन्त्रण गर्न सम्भव भएको छ । अहिले विश्वभरका प्रयोगशालामा यो प्रविधि मस्तिष्कका रहस्य बुझ्न प्रयोग भइरहेको छ ।

## हार्दिक समवेदना



नेपाल क्रान्तिकारी किसान सङ्घ, भक्तपुर नगर समितिका सदस्य रामचन्द्र दुमरुका पूजनीय पिता **रत्नलाल दुमरू**को दुःखद निधनप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौँ ।

जन्म : १९९२/१२/२३
निधन: २०८३/०६/१३

**नेपाल क्रान्तिकारी किसान सङ्घ**
भक्तपुर नगर समिति

***जनताको...***

आयव्यय प्रस्तुत गर्नुभएको थियो भने समितिका सल्लाहकार गणेशराम थुसाले महाकाली पीठको विकासको लागि थप कार्यहरू गर्नुपर्ने बताउनुभयो ।

साधारणसभाले हरिराम सुवालको अध्यक्षतामा १७ सदस्यीय नयाँ समिति निर्वाचित गरेको थियो । समिति सदस्य राजेश दिस्तीले उक्त कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

## ई-बिडिङ प्रकरणमा थप आठ जना निर्माण व्यवसायी पक्राउ

काठमाडौँ, १९ असोज । सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय ठेक्का प्रणाली (ई-बिडिङ) ह्याक गरेको प्रकरणमा प्रहरीले थप आठ जनालाई पक्राउ गरेको छ ।

नेपाल प्रहरीको साइबर ब्युरोले आठ जनालाई पक्राउ गरेको एसपी दीपकराज अवस्थीले जानकारी दिनुभयो ।

पक्राउ पर्नेहरूमा निर्माण व्यवसायीहरू - भक्तबहादुर लामा, विष्णुमान लामा, रितुबहादुर कार्की, किरण मल्ल, नारायणप्रसाद सिपिखु, ध्रुव खनाल, गङ्गाबहादुर सिलवाल र स्वदेश पोखरेल हुन् । पछिल्लो समय सरकारले सार्वजनिक खरिदतर्फ अनलाइन बिडिङ बन्द छ । केही समय अगाडि ई-बिडिङमा ह्याक गरी निर्माण व्यवसायीहरूले हिनामिना गरेको खुलेको थियो ।

त्यही घटनामा थप निर्माण व्यवसायीहरू संलग्न भएको देखिएपछि कार्यालयले साइबर ब्युरोलाई पत्राचार गरेको थियो ।

यसअघि पहिलो चरणको अनुसन्धानको क्रममा प्रहरीले राप्रपाका नेता विक्रम पाण्डेसहितलाई पक्राउ गरेको थियो । उनीसहित २२ जनालाई प्रतिवादी बनाएर केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले काठमाडौँ जिल्ला अदालतमा मुद्दा दर्ता गरेको थियो ।

त्यसमध्ये ह्याकिङमा संलग्न दिवाकर देउजालाई पुर्पक्षका लागि थुनामा पठाइएको थियो ।

उनी सरकारी कर्मचारीसमेत हुन् । सघन सहरी तथा भवन निर्माण आयोजना, धनकुटामा कार्यरत देउजालाई प्रोग्रामिङ, क्लाउड सर्भर, प्रोजेक्ट टेस्टिङलगायत सफ्टवेयरसम्बन्धी ज्ञान थियो । देउजालाई पुर्पक्षका लागि थुनामा पठाउँदा पाण्डेलाई चार लाख धरौटीमा छाड्न आदेश दिएको थियो ।

# धानखेतीमा रोगको सङ्क्रमण देखिएपछि किसान चिन्तित

राँझा (बाँके), १९ असोज । बाँकेमा फल लाग्ने बेला धानखेतीमा रोगको सङ्क्रमण देखिएपछि किसान चिन्तित भएका छन् । अचानक धानखेतीमा धानको बोट सुक्ने समस्या देखिएको डुडुवा गाउँपालिका-५ का किसान अम्मर बुढाथोकीले बताउनुभयो । "धानको पातमा साना खैरो हरियो पानीले भिजेकोजस्ता थोप्ला देखिने र सङ्क्रमण बढ्दै जाँदा धान सुक्दै जाने समस्या देखिएको छ," बुढाथोकीले भन्नुभयो ।

यसपटक धानको उत्पादन बढ्ने आशा गरेकामा अहिले पाक्ने बेलामा रोगको सङ्क्रमणले उत्पादन घट्ने उहाँको भनाइ छ । रोगबारे वडा कार्यालय र गाउँपालिका कृषि शाखामा जानकारी गराए पनि रोकथामका लागि प्रयास नभएको उहाँले गुनासो गर्नुभयो ।

बुढाथोकीको जस्तै समस्या नेपालगन्ज-१९ सुइयागाउँका ललवा माहुतको धानखेतीमा पनि देखिएको छ । फल लाग्ने बेलामा परेको भारी वर्षा र हावाहुरीले ढलाएको धानमा अहिले रोगको पनि सङ्क्रमण देखिएको उहाँको भनाइ छ ।

कृषि ज्ञान केन्द्र बाँके सूचना अधिकारी वरिष्ठ कृषि प्रसार अधिकृत सुजिता शर्माले कतिपय धानखेतमा रोगको सङ्क्रमण भएको सूचना आए पनि क्षतिको विवरण यकिन हुन नसकेको बताउनुभयो ।

उहाँले पालिकास्तरबाट रोग सङ्क्रमणको अवस्था र क्षतिका बारेमा सूचना सङ्कलन गर्ने काम भइरहेको जानकारी दिनुभयो ।

बाँकेमा कुल ५४ हजार ५२६ हेक्टर खेतीयोग्य जमिनमध्ये ३३ हजार ५७० हेक्टरमा धान रोपाइँ हुने गरेको छ । यो वर्ष ३३ हजार ५०३ हेक्टर क्षेत्रफलमा रोपाइँ भएको कृषि ज्ञान केन्द्र बाँकेका सूचना अधिकारी शर्माले बताउनुभयो । *रासस*



**अस्थायी ट्र्याक खोलिँदै**
रसुवा बाढीबाट क्षतिग्रस्त गल्छी-बेत्रावती सडकखण्डमा डोजरको सहयोगमा अस्थायी ट्र्याक खोलिँदै । तस्बिर : चन्द्रकला क्षेत्री/रासस

# रसुवाका ४५ विद्यार्थी अझै सम्पर्कविहीन

रसुवा, १९ असोज । गत भदौ १० को विनासकारी बाढीका कारण रसुवाका तीन सरकारी र एक निजी विद्यालयका ४५ जना विद्यार्थी अझै सम्पर्कविहीन रहेका छन् ।

शिक्षा तथा समन्वय एकाइ धुन्चेका प्रमुख दुर्गाप्रसाद सिलवालका अनुसार बाढीका कारण जिल्लाका चारवटा विद्यालय भवन पूर्ण रूपमा ध्वस्त भएका छन् । बाढीले पूर्ण क्षति पुऱ्याएका विद्यालयमा नेपाल राष्ट्रिय आधारभूत विद्यालय टिमुरे, मालिकादेवी आधारभूत विद्यालय पैरेवैंसी, चिप्लेटी आधारभूत विद्यालय र मोडर्न ट्रिनिटी इङ्लिस बोर्डिङ स्कूल रहेका छन् ।

सम्पर्कविहीन विद्यार्थीमध्ये नेपाल राष्ट्रिय आधारभूत विद्यालय टिमुरेका २५, मालिकादेवीण् आधारभूत विद्यालयका ११, मोडर्न ट्रिनिटीका आठ र चिप्लेटी आधारभूत विद्यालयका एक जना रहेको इकाई प्रमुख सिलवालले जानकारी दिनुभयो ।

बाढीबाट प्रभावित भएका अन्य विद्यार्थीको पठनपाठनलाई निरन्तरता दिन वैकल्पिक व्यवस्था मिलाइएको छ । चिप्लेटीका विद्यार्थीलाई डाँडागाउँ र ठूलोगाउँको स्कुलमा पठाइएको छ । मालिकादेवी आधारभूत विद्यालयका विद्यार्थीलाई नवविजयी मावि भलायडाँडा र ट्रिनिटीका विद्यार्थीलाई नीलकण्ठ माविमा बसोबासको व्यवस्थासहित पठनपाठनको प्रबरुरुध मिलाइएको छ ।

बाढीका कारण गोसाइँकुण्ड, आमाछोदिङ्मो, उत्तरगया र कालिकाका विद्यालय पूर्ण रूपमा बन्द भएका थिए । नौकुण्ड गाउँपालिकामा भने गत भदौ ११ गतेदेखि नै पठनपाठन सुरु भएको थियो । *रासस*

# चिकित्सकको अभावमा सास्ती भोग्दै बर्दिया अस्पताल

बर्दिया, १९ असोज । जिल्ला अस्पतालमा आवश्यक चिकित्सक, स्वास्थ्यकर्मी तथा सघन उपचारकक्ष (आइसीयू) को सुविधा नहुँदा जटिल अवस्थाका बिरामीलाई उपचारका लागि नेपालगन्ज र कोहलपुरलगायतका अस्पतालमा रेफर गर्नुपर्ने बाध्यता रहेको छ ।

अस्पतालमा दैनिक औसतमा २५० जना बिरामी उपचारका लागि आउने गरे पनि आवश्यक जनशक्ति र आइसीयू सुविधा नहुँदा जटिल अवस्थाका बिरामीले समयमै उपचार पाउन कठिनाइ हुने गरेको छ ।

बर्दियाको मधुवन नगरपालिका-४ का मस्तराम चौधरीका बुवा गत भदौ १७ गते रक्तचाप कम भएपछि उपचारका लागि बर्दिया अस्पताल ल्याइएको थियो । बिरामीको शरीरमा अक्सिजनको मात्रा कम भएकाले आइसीयूमा राखेर उपचार गर्नुपर्ने अवस्था भए पनि जिल्ला अस्पतालमा सो सुविधा नभएपछि चिकित्सकले थप उपचारका लागि भेरी अस्पताल नेपालगन्ज रेफर गरेको मस्तरामले बताउनुभयो ।

त्यस्तै, गत असारमा राजापुर नगरपालिका-५ पहाडीपुरका सूर्यलाल चौधरी मिर्गौलासम्बन्धी समस्याका कारण उपचारका लागि जिल्ला अस्पताल पुग्नुभएको थियो । अस्पतालमा आवश्यक उपचार हुन नसकेपछि, उहाँलाई पनि भेरी अस्पताल नेपालगन्ज रेफर गरिएको उहाँका नाति मनोज चौधरीले बताउनुभयो ।

चिकित्सक तथा आइसीयू सुविधा नहुँदा बिरामीलाई अन्यत्र रेफर गर्नुपर्ने अवस्था रहेको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. सुवास पाण्डेले बताउनुभयो । "अस्पतालमा गम्भीर अवस्थाका बिरामी आउने गरेका छन् । दरबन्दीअनुसारका चिकित्सक र आइसीयू सुविधा नहुँदा बिरामीलाई रेफर गर्न बाध्य छौँ," उहाँले भन्नुभयो ।

अस्पतालमा दरबन्दीअनुसारका चिकित्सक नहुँदा जटिल अवस्थाका बिरामीलाई आवश्यक उपचार दिन समस्या भएको डा. पाण्डेले बताउनुभयो । चिकित्सकको अभावकै कारण आइसीयू सञ्चालन गर्न नसकिएको उहाँको भनाइ छ ।

अस्पतालमा आवश्यक चिकित्सकसहित आइसीयू सञ्चालनको माग हुँदै आएको छ । बर्दिया क्षेत्र नं १ बाट प्रतिनिधित्व गर्ने सांसद ठाकुरसिंह थारूले सो अस्पतालमा आइसीयू, चिकित्सक तथा स्वास्थ्यकर्मी उपलब्ध गराउन माग गर्दै स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयमा माग गर्नुभएको छ ।

गत भदौ ९ गते दर्ता गरिएको निवेदनमा बर्दिया अस्पतालमा आइसीयू तथा चिकित्सकको अभावका कारण बिरामीले सास्ती भोग्नुपरेको उल्लेख गर्नुभएको छ ।

आइसीयू सञ्चालनका लागि सबैभन्दा पहिले गम्भीर अवस्थाका बिरामीको उपचार गर्न आवश्यक विशेषज्ञ चिकित्सकको व्यवस्था हुनुपर्ने डा. पाण्डेले बताउनुभयो । उहाँका अनुसार हाल अस्पतालमा एक जना स्त्रीरोग विशेषज्ञ, एक जना फिजिसियन र एक जना एनेस्थेसियोलोजिस्ट डाक्टर आवश्यक छ । त्यस्तै, आइसीयू सञ्चालनका लागि चार जना मेडिकल अधिकृत, आठ नर्स र चार जना कार्यालय सहयोगी आवश्यक पर्ने उहाँले बताउनुभयो ।

जिल्लाका बिरामीलाई सेवा दिने उद्देश्यले स्थापना गरिएको अस्पतालमा आवश्यक चिकित्सक, स्वास्थ्यकर्मी र आइसीयू सुविधा नहुँदा बिरामीले उपचारका लागि नेपालगन्ज तथा कोहलपुर पुग्नुपर्ने बाध्यता रहेको स्थानीय समाजसेवी सोमाई थारूले बताउनुभयो ।

उहाँले भन्नुभयो, "अस्पतालमा आवश्यक उपचार नहुँदा बिरामीले सास्ती भोग्नुपरेको छ । जटिल समस्या देखिएपछि रेफर गरिएका बिरामीलाई नेपालगन्ज लैजाँदै गर्दा बाटोमै ज्यान गुमाउनुपर्ने अवस्था आउने गरेको छ ।" उहाँले जिल्लाका बिरामीलाई सहज स्वास्थ्य सेवा उपलब्ध गराउन अस्पतालमा दरबन्दीअनुसारका चिकित्सक तथा स्वास्थ्यकर्मी पठाउनुका साथै आवश्यक उपकरण र सुविधा विस्तार गर्न माग गर्नुभयो ।

जिल्ला अस्पताल ५० शय्याको हो । अस्पतालमा अधिकांश दरबन्दी रिक्त छ । अस्पतालमा भौतिक पूर्वाधार पर्याप्त भए पनि आवश्यक चिकित्सक, स्वास्थ्यकर्मी तथा उपकरणको अभाव रहेको अस्पतालले जनाएको छ । *रासस*

# नेपालगन्जमा सहुलियत दरमा चामल बिक्री

राँझा (बाँके), १९ असोज । दसैं, तिहार तथा छठपर्वलाई लक्षित गरी खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको नेपालगन्जस्थित मुख्य शाखा कार्यालयले सहुलियत दरमा चामल बिक्री सुरु गरेको छ ।

सहुलियत बिक्री केन्द्र सञ्चालन गरेर सबै प्रकारका चामलमा प्रतिक्विन्टल रु. पाँच सय छुट गरी बिक्री भइरहेको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड नेपालगन्जका सूचना अधिकारी शिवराज घिमिरेले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "चाडपर्वलाई लक्षित गरी सञ्चालन गरिएको बिक्री केन्द्रबाट चाडपर्व अवधिभर एक सय क्विन्टल चामल बिक्री गर्ने लक्ष्य लिइएको छ । अरुवा मोटा, अरुवा मध्यम, मध्यम सिल्की, स्टिम मसिनो जिरा र स्टिम जिरा फोर्टिफाइड चामल बिक्री गरेका छौँ ।"

घिमिरेका अनुसार शुक्रबारसम्म अरुवा मोटा चामल ५० किलो, अरुवा मध्यम चार दशमलव ७५ क्विन्टल, मध्यम सिल्की चामल एक दशमलव ५० क्विन्टल, स्टिम जिरा मसिनो चाम ६४ दशमलव ५० क्विन्टल र स्टिम जिरा फोर्टिफाइड चामल पाँच क्विन्टल बिक्री भइसकेको छ ।

मोटा चामल रु. पाँच हजार ६००, अरुवा मध्यम चामल रु. पाँच हजार ८००, मध्यम सिल्की चामल रु. पाँच हजार ९००, स्टिम जिरा मसिनो र स्टिम जिरा फोर्टिफाइड चामल रु. आठ हजार ५०० प्रतिक्विन्टलका दरले सहुलियतसहित बिक्री गरिएको सूचना अधिकारी घिमिरेले जानकारी दिनुभयो ।

कार्यालयले बजार मूल्यभन्दा कम दरमा विभिन्न प्रकारका चामल बिक्री गर्न थालेपछि उपभोक्ताले प्रत्यक्ष लाभ प्राप्त गरेका छन् ।

सीमावर्ती भारतीय बजार रूपैडिहाबाट चामल आयातमा नेपालगन्ज भन्सार कार्यालयले कडाइ गरेपछि उपभोक्ता सहुलियत दरमा चामल खरिद गर्न खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको सहुलियत बिक्री केन्द्र पुग्ने गरेका छन् । *रासस*

# बेत्रावतीमा बेलिब्रिज जडान सुरु दसैँअघि सञ्चालनमा आउने

त्रिशूली (नुवाकोट), १९ असोज । भोटेकोसी हुँदै त्रिशूली नदीमा आएको बाढीले क्षति पुऱ्याएसँगै नुवाकोट र रसुवा जोड्ने बेत्रावतीस्थित फलाखु खोलामा बेलिब्रिज जडान सुरु भएको छ । यसका लागि आवश्यक सामग्री ल्याउने क्रम जारी रहेको र यही बुधबारदेखि पुल जडानको काम सुरु गरी दसैँअघि नै सञ्चालनमा ल्याउने लक्ष्य राखिएको छ ।

नेपाली सेनाका सेनानी चिरञ्जीवी चौलागाईंका अनुसार पुल निर्माणका लागि आवश्यक सामग्री नेपाली सेनाले मौज्दात राखेको धादिङको बैरेनी र बाराबाट ल्याउने काम भइरहेको छ । आजसम्म सबै सामग्री बेत्रावती आइपुग्ने छन् । बुधबारदेखि नेपाली सेनाको ५५ जनाको टोलीले बेलीब्रिज जडान सुरु गर्ने उहाँले जानकारी दिनुभयो ।

पुल जडान गर्न सामान्यतया तीन दिन लाग्ने भए पनि पुरानो 'जिप' (पुलको संरचना) होचो भएकाले त्यसमा थप दुई मिटर उचाइ बढाइएको छ । थपिएको संरचना सुक्न केही समय लाग्ने भएकाले दसैँको फूलपातीसम्म पुल सञ्चालनमा ल्याउने लक्ष्य राखिएको सेनानी चौलागाईंले बताउनुभयो ।

यसअघि बेत्रावतीमा रहेको पुलको 'जिप' भोटेकोसीको बाढीले पुरेको थियो । सोही स्थानमा नयाँ एक्रोब्रिज जडान गर्न पुरानो संरचनामा थप दुई-दुई मिटर उचाइ बढाइएको हो । निर्माण गर्न लागिएको एक्रोब्रिज ७४ मिटर लामो र ५.५ मिटर चौडा हुनेछ । पुलको भारवहन क्षमता ६० टन रहने उल्लेख छ ।

बेत्रावतीसम्म सडक पहुँच पुगेपछि पुल निर्माणका लागि आवश्यक सामग्री ढुवानी गर्न तथा निर्माण कार्य अघि बढाउन सहज भएको छ । गल्छी-रसुवागढी सडक योजनाको कार्यालयले सडक पहुँच खुलाएपछि निर्माण कार्यले गति लिएको हो । सडक पहुँच पुग्नुअघि नै नेपाली सेनाले वैकल्पिक मार्गबाट उक्त स्थानमा पुगेर पुल निर्माणका लागि आवश्यक स्थलगत अध्ययन (रेक्की) तथा 'जिप' को उचाइ थप गर्ने काम सम्पन्न गरेको थियो ।

भोटेकोसी बाढीबाट क्षतिग्रस्त आगिटार-बेत्रावती सडक खण्ड यही शनिबारदेखि सञ्चालनमा आएको छ । दसैँअघि नै बेत्रावतीमा पुल निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याउन सके नुवाकोटबाट रसुवाको धुन्चेसम्म सडकमार्फत आवतजावत सहज हुने अपेक्षा गरिएको छ । यसले बाढीका कारण अवरुद्ध नुवाकोट-रसुवा सडक सम्पर्कसमेत पुन:स्थापित गर्नेछ । रसुवासँगको सडक सञ्जाल प्रभावकारी नहुँदा बाढीपश्चात् रसुवाको दैनिक जनजीवन प्रभावित हुँदै आइरहेको छ । *रासस*

। सम्पादकीय ।

# लोडसेडिङले जनजीवनमा असर

नेपाल जलस्रोतमा धनी देश हो । जलस्रोतमा धनी भएर पनि देशभर बिजुली पुगेको छैन । दुर्गम र विकट जिल्लाका विभिन्न गाउँमा बिजुली नपुगेर यो विज्ञान र प्रविधिको युगमा पनि टुकी र लालटिन बालेर बस्नुपर्ने बाध्यता छ । एकातिर बिजुली नपुगेर जीवन धान्न, दैनिक घरायसी कार्य गर्न कठिनाइ छ भने अर्कोतिर बिजुलीको सुविधा भएको ठाउँमा लोडसेडिङ भएर जनता हैरान भएका छन् । हरेक दिनझैँ छिनछिनमा हुने अघोषित लोडसेडिङले जनजीवनमा समस्या पारेको छ । लोडसेडिङको कारण छापाखाना, घरेलु उद्योग, फर्निचर, कारखाना, व्यापार-व्यवसाय सरकारी तथा गैरसरकारी सङ्घ संस्था र कार्यालयमा पनि असर परेको छ । लोडसेडिङ हुँदा सरकारी कार्यालयको दैनिकी कार्यमा बाधा पुग्छ । समयमा काम नभएर ग्राहकहरूमा मर्का पर्छ । समयमा पत्रिका निस्किँदैन । उद्योग - कारखाना बन्द भएर जनताका आधारभूत आवश्यकता पूर्ति हुँदैन । घर निर्माणदेखि ठुलठुला भवन निर्माणमा बाधा पुग्छ । तर पनि हरेक दिनझैँ बरोबर लोडसेडिङ भइरहेको छ ।

निर्वाचनताका ठुला भनिने दलले बढीभन्दा बढी विद्युत् उत्पादन गरेर जनतालाई विद्युत् सेवा दिने र लोडसेडिङ अन्त्य गर्ने बाचा गर्छ; घोषणापत्रमा प्रतिबद्धता जाहेर गर्छ । तर, त्यो प्रतिबद्धता व्यवहारमा लागू हुँदैन । सत्तासीन दलले दलको घोषणापत्र या प्रतिबद्धता लागू गरेको भए विद्युत् सेवा विस्तार हुन्छ; गाउँ-गाउँसम्म विद्युत् सेवा पुग्छ र जनजीवनमा सहज हुन्छ । यसकारण, सरकारले जनतालाई थप सेवा दिन प्रत्येक वर्ष विद्युत् उत्पादन बढाउँदै जानुपर्छ र विद्युत् सेवा जनताको घर आँगनमा पुऱ्याउनुपर्छ । सरकार जनताको आवश्यकता पूरा नहुँदै बिजुली विदेशमा निर्यात गर्छ । सस्तोमा विद्युत् निर्यात गरेर महँगोमा किन्छ । सरकारले यहाँ रहेका पानीका भण्डारलाई अधिकतम प्रयोग गर्नुपर्छ; विद्युत सेवा जनतामाझ प्रवाह गर्नुपर्छ । सस्तोमा विद्युत् बेच्ने र महँगोमा किन्ने काम राज्यले गर्नुहुँदैन । उत्पादन भएको विद्युत् सेवा सबभन्दा पहिले आफ्नै देशका जनतालाई वितरण गर्नुपर्छ ।

सरकारले जनताको आवश्यकताअनुसार विद्युत् उत्पादन गरे, जनतालाई सस्तोमा सर्वसुलभ गरे अन्य देशमा उत्पादन हुने महँगो ग्यास कम मात्र उपयोग गरे पुग्छ । यसले देशको ठुलो रकम बच्छ र स्वदेशी रकम विदेसिँदैन । यसले विकासमा टेवा पुऱ्याउँछ र जनताको जनजीवनमा सहज पुऱ्याउँछ । विद्युत्बाटै रासायनिक मल कारखाना सञ्चालन गर्न सकिने कुरा पनि विज्ञहरूबिच छलफलको विषय बनेको छ । रासायनिक मल कारखाना खोल्ने प्रसङ्ग उठिरहेको छ । विद्युत् सेवाबाटै मल कारखाना सञ्चालन गर्न सके देशको निम्ति ठुलो राहत हुनेमा शङ्का छैन । देशको रकम देशमै रहन्छ । प्रत्येक वर्ष अरबौँ रकम जोगिन्छ । प्राप्त स्रोतअनुसार देशको विद्युत्को आवश्यकता २४३३ मेघावात हो । तर, त्यो पूर्ति भइरहेको छैन । आवश्यकताअनुसार पूर्ति गर्नेतर्फ प्राधिकरण लाग्नुपर्छ । हुरी बतासको कारण पोल भाँच्दा, अतिवृष्टि भएर तार जुध्दा, ट्रान्सफर्मर पुरानो भएर, तारको कमी भएर विद्युत् प्रवाह नभएको बताउँछ । यसको लागि प्राधिकरण समस्या हुने बित्तिकै हल गर्नेतर्फ लाग्नुपर्छ । उपभोक्ताको आवश्यकता विद्युत् हो । विद्युत् आपूर्ति भएन भने जनताले सरकारको ध्यानाकर्षण गर्नु स्वाभाविक हो । पानी, पेट्रोल र बिजुली संसारको निम्ति अति आवश्यक हुन्छ । पानी, पेट्रोल र बिजुली उत्पादनमा पछि परेको देश स्वाभाविक रूपमा विकासमा पछि पर्छ; विज्ञान र प्रविधिमा पछि पर्छ । नेपाल विकासमा पछि पर्नुको कारण जनताको इच्छा र मागअनुसार सरकारले परिपूर्ति गर्न नसक्नु हो; पूर्ति गर्नेतर्फ पाइला नचाल्नु हो ।

भोटेकोसी बाढीपछि नेपालको विद्युत् उत्पादनमा ठुलो असर परेको छ । बाढीका कारण ४३० मेघावात उत्पादन प्रणालीबाट बाहिरिएको छ । यसको मर्मत सम्भार पनि तत्काल गर्नुपर्ने आवश्यकता छ । लामो समयसम्म अन्धकारमा बस्नुपर्दा जनजीवन थप कष्टकर हुनेछ । धनजन असुरक्षित हुनेछ । व्यापार-व्यवसायमा मर्का पर्नेछ । जनताका यी यावत् समस्या समाधान गर्न प्राधिकरण र सरकार जोडतोडका साथ काममा अग्रसर हुनुपर्छ । सत्तासीन दलका नेता र मन्त्रीहरू विदेशीभक्त भएको कारण, विदेशी शक्ति राष्ट्रहरूको सहयोगमा भर परेको कारण राज्यले जनताको माग परिपूर्ति गर्न नसकेको हो । विदेशीको भर नपरी नेपाल आफैले देश र जनताको आवश्यकता परिपूर्ति गर्न स्थानीय स्रोत र साधन परिचालन गरी देशभक्त पुँजीपतिहरूलाई उपयोग गरिएको भए देश विकासमा टेवा पुग्छ र देशको राजस्व पनि बढ्छ । देशको आम्दानी नबढाइकन, देशलाई स्वावलम्बी बनाउनेतर्फ पाइला नचालिकन देशको विकास उचाइमा पुग्दैन । देश जहिल्यै परनिर्भर भइरहनेछ । देश परनिर्भर भएसम्म विकासको काँचुली फेर्न सकिँदैन । अत: देशको जलस्रोतलाई अधिकतम उपयोग गरी विद्युत् उत्पादन बढाउने, बिजुली देशभर पुऱ्याउनेतर्फ सरकार लाग्नुपर्छ ।

# किन ताइवानको डीपीपीभित्र देश टुक्र्याउने उत्साह पैदा हुन्छ ?

✍ हाई फेङ

अक्टोबर २ मा, दुई F-16V लडाकु विमानहरू - मूल रूपमा तीन वर्षअघि डेलिभरीको लागि निर्धारित गरिएको थियो - ताइवान क्षेत्रको ताइतुङको चिहाङ एयर बेसमा आइपुगे ।

ताइवानमा नयाँ लडाकु विमानहरूको आगमनले डीपीपीको लागि एड्रेनालाइनको शटजस्तै काम गऱ्यो, जसले पार्टीलाई उच्च उत्साहको स्थितिमा पुऱ्यायो । यद्यपि, टापुका पर्यवेक्षकहरूका स्पष्ट नजरले कडा वास्तविकता औँल्याएका छन् : ६६ फाइटर जेटहरूका लागि २४० बिलियन अमेरिकी डलर (४७.५४ बिलियन) भन्दा बढी रकम भुक्तान गरे पनि र धेरै ट्विस्टहरू र मोडहरूपछि मात्र दुई विमान आइपुगेको छ ।

किन यस्तो ढिलाइ, अत्यधिक महँगो र सीमित प्रारम्भिक डेलिभरीलाई डीपीपी अधिकारीहरूले भव्य उत्सवको योग्य 'प्रमुख उपलब्धि' भनेर प्याकेज गरेका छन् ?

यसको जवाफ यो हुनसक्छ कि, डीपीपीका लागि यी दुई लडाकु विमानहरू लामो समयदेखि तथाकथित 'रक्षा' को बारेमा बन्द भइसकेका छन् र पूर्ण रूपमा, लामो-प्रतिक्षित राजनीतिक प्रदर्शन बनेका छन् ।

**ताइवानमा दुईवटा लडाकु विमानको आगमनले तीन वर्षको ढिलाइ धाकछोप गर्न सक्दैन**

ताइवान मिडियाका रिपोर्टहरूका अनुसार, ताइवानले 'फिनिक्स राइजिङ' (फेंग्जियाङ) परियोजनाअन्तर्गत अमेरिकाबाट ६६ वटा F-16V लडाकु विमानहरू खरिद गरेको थियो, जसको डेलिभरी मूल रूपमा २०२३ मा सुरु हुने र २०२६ को अन्त्यमा समाप्त हुने तालिका थियो । यद्यपि, यो अक्टोबर २०२६ सम्ममा पहिलो दुई वटा जेट विमान आइपुगेको थिएन । रिपोर्टहरूले ताइवानबाट आकलनहरू आएका छन् कि ६६ वटा विमानहरूको पूर्ण ब्याचको डेलिभरी २०२८ को अन्त्यसम्म ढिलाइ हुनसक्छ ।

अझ अनौठो तथ्य यो हो कि दुई लडाकु विमान ताइवानमा उडान गर्नुअघि एक महिनाभन्दा बढी हवाईमा रहेका थिए । यो प्राविधिक समस्या थियो, आपूर्ति श्रृङ्खलामा समस्या वा अरू केही ? ताइवान जनता अन्धकारमा छन् ।

हतियार खरिद परियोजना, प्रारम्भमा रक्षा क्षमता अभिवृद्धि गर्ने माध्यमको रूपमा चिनिन्छ, यसको सट्टा डेलिभरी ढिलाइ, उच्च लागत र प्रगतिको सन्दर्भमा पारदर्शिताको कमीले विशेषता भएको छ ।

ताइवान समाजको लागि, करदाताहरूको पैसाको यस्तो अत्यधिक खर्चको बदलामा वास्तवमा के प्राप्त भयो ? तथाकथित क्षतिपूर्ति उपायहरूको वास्तविक मूल्य के हो ? ढिलाइका कारण लाग्ने खर्च कसले बेहोर्ने ? दुईवटा लडाकु विमानको ढिलो आगमनलाई 'ठुलो विजय' मान्न सकिँदैन ।

**डीपीपी किन यति उग्र ?**

डीपीपी अधिकारीहरूले यस्तो उच्च उत्साह प्रदर्शन गर्ने कारण यो हो कि उनीहरूले लामो समयदेखि बाँकी रहेको हतियार डेलिभरीलाई तथाकथित 'ताइवान टापु-अमेरिका सम्बन्धमा उपलब्धि' भनेर पुन: प्याकेज गर्न आवश्यक छ ।

हालैका वर्षहरूमा, डीपीपीले ताइवान समाजमा अमेरिकाबाट हतियार खरिद जारी राख्दा टापुको लागि थप सुरक्षाको ग्यारेन्टी गर्ने अवधारणालाई निरन्तरता दिइरहेको छ । कभर अप खोज्नको लागि यो जरुरी भावना 'ताइवान छोड्ने' र 'अमेरिकामा शङ्का गर्ने' भावनाको बढ्दो प्रसारमा डीपीपीको अलार्मले बढाएको छ, विशेष गरी चीन र अमेरिकाले उनीहरूको सम्बन्धमा ठुलो रणनीतिक स्थिरता खोजेका छन् ।

यस कथाअन्तर्गत, ताइवानमा दुई F-16V को आगमनलाई राजनैतिक महत्त्वले भरिएको छ जुन हार्डवेयर आफैँलाई पार गर्दछ ।

उनीहरूलाई ताइवान टापुको लागि निरन्तर अमेरिकी समर्थनको प्रमाणको रूपमा उद्धृत गरिएको छ र डीपीपीको 'अमेरिकामाथि भर परेर स्वतन्त्रता खोज्ने' रणनीति व्यवहार्य रहेको तर्क गर्न प्रयोग गरिन्छ ।

तथापि, समस्या यो हो कि प्रचारले समाचार शीर्षकहरू परिवर्तन गर्न सक्छ, यसले 'कम अवधिको ढिलाइ' को वास्तविकतालाई परिवर्तन गर्न सक्दैन, 'बाह्य शक्तिहरूमा निर्भर भएर स्वतन्त्रता खोज्दै' केवल प्यादा बन्ने अपरिहार्य भाग्यलाई मेटाउन सक्दैन ।

**हतियार खरिद सम्झौताहरूमा, ताइवान मौनतामा घाटा निल्न बाध्य छ**

डीपीपी अधिकारीहरूले विमान आफै स्पेयर पार्ट्स, हतियार प्रणाली, सफ्टवेयर, मर्मत र समर्थन र कर्मचारी प्रशिक्षणसहित क्षमताको विस्तृत सेट प्राप्त गर्ने आशामा ठुलो रकम खर्च गरिरहेका छन् ।

यद्यपि, हाल खुलासा गरिएको जानकारीको आधारमा, डेलिभरी ढिलाइको सम्बन्धमा दायित्वको लागि कुनै स्पष्ट प्रावधान छैन जस्तो देखिन्छ । सीमित क्षतिपूर्ति ताइवानले सुरक्षित गर्न व्यवस्थित गरेको छ जसमा मुख्य रूपमा विस्तारित वारेन्टी, अतिरिक्त स्पेयर पार्ट्स र प्राविधिक सेवाहरूजस्ता गैर-नगद व्यवस्थाहरू समावेश छन् ।

यसले व्यावहारिक मुद्दा खडा गर्छ : यदि बिक्रेताले प्रारम्भिक रूपमा क्षतिपूर्तिको लागि स्पष्ट दायित्व वहन नगरी अर्डरको सानो अंशमात्र डेलिभर गर्न सक्छ - जबकि क्रेताले बाँधिएको बजेट, ढिलाइ प्रशिक्षण र परिचालन तयारीको अवरोधसँग सम्बन्धित लागतहरू वहन गर्न जारी राख्छ - तब यो कस्तो प्रकारको लेनदेन हो ?

यसबाहेक, टापुमा जनमतले इलेक्ट्रोनिक युद्ध प्रणाली, नेभिगेसन प्रणाली र लडाकु विमानहरूको प्रारम्भिक ब्याचका लागि सम्बन्धित हतियारहरू पूर्ण रूपमा ठाउँमा छन् कि छैनन् भन्ने सम्बन्धमा प्रश्नहरू खडा गरेको छ; ताइवानको 'रक्षा' अधिकारीहरूले एक पेशेवर, पारदर्शी र प्रमाणित स्पष्टीकरण प्रदान गर्न आवश्यक छ ।




अपूर्ण डेलिभरीको पृष्ठभूमिमा, ताइवानमा दुईवटा लडाकु विमानहरूको आगमन कुनै व्यावहारिक महत्त्व नभएको, प्रतीकात्मक इसारामात्र देखिन्छ ।

कुनै पनि हतियार खर्चले ताइवान जलडमरूका दुई पक्षबिचको शक्ति सन्तुलनलाई परिवर्तन गर्न सक्दैन । डीपीपी अधिकारीहरूले 'बलमार्फत स्वतन्त्रता खोज्ने' र 'बलमार्फत पुन: एकीकरणको प्रतिरोध' को राजनीतिक भ्रम सिर्जना गर्ने प्रयास गर्दै अमेरिकाबाट हतियार खरिदलाई निरन्तरता दिइरहेका छन् । यद्यपि, हतियारको मात्राले वास्तविक लडाइँ क्षमतासँग बराबरी गर्दैन न त बाह्य हतियार बिक्रीले वास्तविक सुरक्षासँग बराबरी गर्छ ।

चिनियाँ जनमुक्ति सेनाको शक्तिशाली, एकीकृत र आधुनिक सैन्य शक्तिको सामना गर्दै, ताइवानका अधिकारीहरूले विदेशबाट खरिद गरेका टुक्रा टुक्रा हतियारहरूले ताइवान जलडमरूका दुई पक्षबिचको शक्तिको समग्र सन्तुलनलाई परिवर्तन गर्न सक्दैन । हरेक वर्ष हतियारमा सार्वजनिक धनको ठुलो रकम खर्च गर्नाले ताइवान प्रश्नको राजनीतिक आधारलाई परिवर्तन गर्न सक्दैन, मातृभूमिको पुनर्मिलनको ऐतिहासिक प्रक्रियालाई रोक्नेछ ।

तथाकथित हतियार खरिदहरूले अनिवार्य रूपमा ताइवानका बासिन्दाहरूको सुरक्षा र भविष्यलाई व्यावसायिक लेनदेन र बाह्य शक्तिहरूको रणनीतिक गणनाहरूमा छोप्ने गर्दछ । अमेरिकी हतियार उत्पादकहरूले आफ्नो स्वार्थलाई प्राथमिकता दिन्छन्; केही अमेरिकी राजनीतिज्ञहरूले आफ्नो प्रभाव बलियो बनाउन खोज्छन्; डीपीपी अधिकारीहरूले यी सम्झौताहरू 'बाह्य समर्थन' को राजनीतिक कथालाई प्रचार गर्न प्रयोग गर्छन् ।

यो ताइवान समाज हो जसले अन्तत: लागत वहन गर्दछ । ताइवानका बासिन्दाहरूले सैन्य टकरावको अग्रपङ्क्तिमा धकेल्ने जोखिमको सामना गर्दा अत्यधिक सैन्य खर्च, डेलिभरी ढिलाइ, उपकरण मर्मत र बढ्दो क्षेत्रीय तनावको मूल्यको बोझ बोक्नुपर्छ ।

ताइवानको लागि, बढ्दो हतियार खरिद शान्तिको बराबर छैन ।

**अमेरिकासँग अर्डर राख्नुले 'रक्षा स्वायत्तता' ल्याउने छैन**

यदि तथाकथित 'रक्षा स्वायत्तता' को डीपीपीद्वारा बारम्बार प्रचार गरिएको छ भने अमेरिकाबाट लगातार किनमेल गर्नु र डेलिभरीको लागि अनिश्चित कालसम्म पर्खनुबाहेक - ताइवान समाजलाई नतिजा भोग्न छोडेर - त्यस्ता 'स्वायत्तता' पूर्ण रूपमा गलत प्रस्ताव हो ।

स्पष्ट रणनीतिक निर्णय, स्थिर सामाजिक विकास, बृहत् औद्योगिक आधार र बढ्दो द्वन्द्वबाट बच्न मात्रै साँचो सुरक्षा निर्माण गर्न सकिन्छ । बाह्य शक्तिहरूमाथिको अन्धो भरोसाले न त ताइवानको आफ्नै शासन क्षमतालाई प्रतिस्थापन गर्न सक्छ न त ताइवान जलडमरूका दुई पक्षबिचको आधारभूत समस्या समाधान गर्न सक्छ ।

ताइवानमा दुई F-16V जेटहरूको आगमन समाचारयोग्य हुन सक्छ तर यसले डीपीपी अधिकारीहरूलाई मुद्दाहरू ढाकछोप गर्ने औजारको रूपमा काम गर्नु हुँदैन । यो ढिलो र स्केल-ब्याक डेलिभरीलाई 'ताइवानको लागि समर्थन' को रूपमा पुन: प्याकेज गर्न सकिँदैन, न त यसले क्रस-स्ट्रेट सम्बन्धको भविष्यको प्रक्षेपणलाई परिवर्तन गर्न सक्छ ।

डीपीपी अधिकारीहरूले दुई ढिलो लडाकु विमानहरूको आगमनको लागि जति खुसी पार्छन्, उनीहरू झूटो कथालाई निरन्तरता दिन विदेशी हतियारहरूमा भर परेकोमा उनीहरूको चिन्ताको पर्दाफास गर्छन् । चिनियाँ जनमुक्ति सेनाको शक्तिशाली सैन्य शक्ति र ताइवान जलडमरूका दुई पक्षबिचको समग्र शक्तिमा असमानताको सामना गर्दै, कुनै पनि विदेशी हतियार खरिदले ठुलो तस्बिरलाई परिवर्तन गर्न सक्दैन, 'बलमार्फत स्वतन्त्रता खोज्ने' को कल्पनालाई एक्लै छोड्नुहोस् ।

ताइवानका देशवासीहरूको हितको रक्षा गर्ने साँचो बाटो द्वन्द्व कम गर्नु, युद्धको जोखिमबाट मुक्त हुनु र क्रस-स्ट्रेट सम्बन्धहरूलाई शान्तिपूर्ण विकासको सही मार्गमा फर्काउनु हो ।

हतियारहरू डेलिभर गर्न सकिन्छ तर कल्पनाहरू यसरी वास्तविकता बन्न सक्दैनन् । तिनीहरूले पुन: एकीकरणको अपरिहार्य प्रवृत्तिलाई परिवर्तन गर्न सक्दैनन् ।

*- 'ग्लोबल टाइम्स' बाट*

# किन यमनको ताइज प्रान्तमा युद्ध चर्किँदै छ ?

✍ अल जजीरा स्टाफ

***(सरकारी फौजले हुथी विद्रोहीहरूको लगातार आक्रमणको प्रतिरोध गरिरहेको बेला जनघनत्व बढिरहेको यस प्रान्तका सर्वसाधारण थप जोखिममा परेका छन् ।)***

यमनको अन्तर्राष्ट्रिय मान्यता प्राप्त सरकार र इरान-समर्थित हुथी विद्रोहीहरू देशको दक्षिण-पश्चिममा रहेको रणनीतिक रूपमा महत्त्वपूर्ण ताइज प्रान्तको नियन्त्रणका लागि सङ्घर्षमा संलग्न छन्।

साउदी अरब-समर्थित ‘प्रेजिडेन्सियल लिडरसिप काउन्सिल’ (पीएलसी) का प्रमुख राशाद अल-अलीमीले आइतबार गुमेको भूभाग पुन: नियन्त्रणमा लिन हुथीहरूविरुद्ध ठूलो सैन्य अभियान सुरु भएको घोषणा गरेका छन्। यसका कारण हालैका केही भीषण झडपहरूको केन्द्र रहेको ताइज क्षेत्रमा थप युद्ध र भिडन्त हुने अपेक्षा गरिएको छ ।

पर्यवेक्षक तथा विश्लेषकहरूका अनुसार, गत महिना यमनको लालसागर तटीय क्षेत्रको ठूलो हिस्सा आफ्नो नियन्त्रणमा लिएपछि हुथीहरू आफ्नो पकडलाई थप मजबुत बनाउन प्रयासरत छन्। सरकारका लागि भने ताइजको युद्ध देशमाथिको नियन्त्रण कायम राख्ने रणनीतिक तथा अस्तित्वसँगको सङ्घर्ष बनेको छ।

**ताइज किन महत्त्वपूर्ण छ ?**

ताइज प्रान्त यमनको सबैभन्दा बढी जनसङ्ख्या भएको क्षेत्र हो, जहाँ करिब ४५ लाख मानिस बसोबास गर्छन्। यसको समतल पश्चिमी तटीय क्षेत्र लालसागरको किनारमा अवस्थित छ । यसमा मोखा बन्दरगाह सहर तथा रणनीतिक रूपमा अत्यन्त महत्त्वपूर्ण बाब अल-मान्देब जलडमरू पर्छ।

सेप्टेम्बरको प्रारम्भमा हुथीहरूले आकस्मिक र चट्याङजस्तो तीव्र सैन्य अभियानमार्फत यी तटीय क्षेत्रहरू आफ्नो नियन्त्रणमा लिएका थिए। यसले गर्दा उक्त समूहले बाब अल-मान्देब जलमार्गमार्फत हुने अन्तर्राष्ट्रिय जल यातायात अवरूद्ध गर्न सक्ने चिन्ता बढाएको थियो। यी क्षेत्रहरू ताइजका लागि महत्त्वपूर्ण आपूर्ति मार्गका रूपमा पनि रहेका थिए।

ताइज प्रान्तको अधिकांश भूभाग यमनको उच्च पहाडी क्षेत्रमा पर्छ र अझै पनि दुवै पक्षबिच विवादित अवस्थामा रहेको छ। यस क्षेत्रको राजधानी ताइज सहर धेरै पर्वतहरूको बिचमा अवस्थित छ र सरकारी नियन्त्रणमा रहेको छ। यो यमनको सबैभन्दा बढी जनसङ्ख्या भएका सहरहरूमध्ये एक हो र यमनी सरकारको वैधानिकताको एक मुख्य आधार हो।

यो प्रान्त यमनको हुथी-नियन्त्रणमा रहेको उत्तरी क्षेत्र र सरकारी नियन्त्रणमा रहेको दक्षिणी भेगको बिचमा अवस्थित छ। हुथीहरूको अघि बढ्ने क्रमले सरकारी फौजलाई ऐदेनसँगको सम्पर्कबाट अलग्याउने खतरा निम्त्याएको छ। ऐदेन दक्षिणी तटीय सहर हो, जहाँ राज्यका प्रमुख संस्थाहरू अवस्थित छन्।

वरिष्ठ अनुसन्धानकर्ता तथा नीति सल्लाहकार इब्राहिम जलालले अल जजीरालाई बताएअनुसार, ताइज सम्पूर्ण यमनका लागि सामाजिक, राजनीतिक, आर्थिक र सैन्य दृष्टिले अत्यन्त महत्त्व बोकेको सहर हो।

“हुथीहरू ताइज सहरलाई अलग्याउने र घेराबन्दी गर्ने प्रयास गरिरहेका छन्। यसको उद्देश्य बाब अल-मान्देबसम्म लालसागर तटीय क्षेत्रमा हासिल गरेको आफ्नो पकडलाई मजबुत बनाउनुका साथै लहिज, ऐदेन र दक्षिणका



२५ सेप्टेम्बर २०२६ मा दक्षिण-पश्चिमी यमनको ताइज प्रान्तको राजधानी ताइज सहरमा क्षतिग्रस्त भवनहरू। (एएफपी)

अधिकांश भूभागमा थप दबाब सिर्जना गर्नु हो,” जलालले भने।

“हुथीहरूले हाल पूर्ववर्ती उत्तरी यमनको सीमारेखाभित्र आफ्नो भौगोलिक नियन्त्रण विस्तार गर्न खोजिरहेका छन्। अर्थात्, उनीहरू आफ्नो नियन्त्रणलाई सुदृढ पार्न बाँकी रहेका सबै साना प्रतिरोधका केन्द्रहरू हटाउन चाहन्छन्।”




३० सेप्टेम्बर २०२६ सम्म यमनको गृहयुद्धमा भूभागमाथिको नियन्त्रण देखाउने नक्सा। (अल जजीरा)

ताइज यमन युद्धको क्रममा सबैभन्दा विवादित र सङ्घर्षरत सहरहरूमध्ये एक रहँदै आएको छ। सन् २०१४ को सेप्टेम्बरमा हुथी फौजले राजधानी सानालाई नियन्त्रणमा लिएलगत्तै यहाँ युद्ध सुरू भएको थियो।

सहरमा हुथीहरूले लगाएको विनाशकारी नाकाबन्दी र आक्रमणका कारण हजारौं सर्वसाधारणको ज्यान गएको छ। यस अवधिमा सरकारी फौजले सन् २०१५ देखि २०२२ सम्म भएका पटक-पटकका आक्रमणहरूलाई परास्त गर्दै हुथीहरूलाई पछाडि धकेलेका थिए।

लडाइँ मुख्यत: ताइज सहरको पश्चिमतर्फबाट अवलोकन गर्न सकिने जबल हान पहाड तथा सहर प्रवेश गर्ने एक मुख्य मार्गमा केन्द्रित रहेको छ।

अल जजीराको यमन ब्युरो प्रमुख सइद थाबेटका अनुसार, यदि हुथीहरूले उक्त पहाडमाथि नियन्त्रण कायम गरे भने उनीहरूले दक्षिण-पश्चिम दिशाबाट ताइज सहरमा प्रवेश गर्ने मानिसहरू र आपूर्ति सामग्रीमाथि आक्रमण गर्न सक्नेछन्।

कसको पकड बलियो छ ?

हालसम्म ताइजका लडाइँमा कुनै पनि पक्ष स्पष्ट विजयी भएको छैन। पर्यवेक्षकहरूले यस स्थितिलाई गतिरोधका रूपमा वर्णन गरेका छन्।

ताइजबाट रिपोर्टिङ गरिरहेका अल जजीराका मोहम्मद अल-कादीका अनुसार, हालैका दिनहरूमा सरकारी फौजले ताइजभर रहेका हुथीहरूका अखडा र स्थानहरूलाई लक्षित गरी दर्जनौं हवाई आक्रमण गरेका छन्।

हुथी लडाकुहरू भारी गोलाबारी, ट्याङ्क, मोर्टार तथा कात्युशा रकेट प्रहारको आडमा सहरभित्र अघि बढ्ने प्रयास गरिरहेका छन्।

ताइज सहरबाट रिपोर्टिङ गरिरहेकी अल जजीराकी महा अलीका अनुसार, आइतबार सहरका विभिन्न क्षेत्रमा आर्टिलरी गोलाबारीको आवाज सुनिएको थियो भने स्थानीय बासिन्दाहरूले आफूहरूलाई सुरक्षित स्थानमा सार्न आग्रह गरेका थिए।

त्यही दिन स्थानीय अधिकारीहरूले धुबाबको आवासीय क्षेत्रमा एउटा गोला खसेको र त्यस घटनामा १४ दिनको शिशुको मृत्यु भएको जानकारी दिए। अन्य आक्रमणमा पनि सर्वसाधारण घाइते भएका छन्।

सरकारी फौजले पनि सहरको वरिपरि तैनाथ हुथी फौजमाथि लक्षित गोलाबारी गरिरहेको छ।

आमनेसामनेको लडाइँ अहिले ताइज सहरको ग्रामीण क्षेत्रमा समेत फैलिएको छ। एक स्थानीय स्रोतका अनुसार, ताइज वरपरका गाउँहरू तथा पहाडी क्षेत्रहरूमा घुसपैठ गर्ने हुथी प्रयासहरूको प्रतिरोध गर्न स्थानीय बासिन्दाहरू स्वयम् अग्रसर भई लडिरहेका छन्।

सबैभन्दा भीषण लडाइँ सहरको पश्चिमी मोर्चामा भइरहेको छ, जहाँ सरकारी सेनाले जबल हान क्षेत्रमा कडा प्रतिरक्षा मोर्चा खडा गरेको छ।

आइतबार यमनका सरकारी सेनाले हुथीहरूमाथि सफलता हासिल गरेको दाबी गर्दै समास्थित एउटा



साउदी-समर्थित यमनी सरकारका सैनिकहरू ३ अक्टोबर २०२६ मा ताइज सहरको पश्चिममा रहेको जबल हान मोर्चानजिक भेला हुँदै।
*(अहमद अल-बाशा/एएफपी)*

किल्लासहित विभिन्न क्षेत्रहरू आफ्नो नियन्त्रणमा लिएको जनाएको छ।

ताइजस्थित सैन्य कमान्डले आफ्ना सेनाले जबल हान, हजरान र ताइज सहरको पश्चिममा रहेका अन्य स्थानमा हुथीहरूले गरेका आक्रमणहरूलाई विफल पार्दै प्रतिरोध गर्न सफल भएको दाबी गरेको छ।

यमनी सेनाका प्रवक्ता माजेद अल-नुजाइलीले सरकारी सेनाले विमान, ड्रोन, आर्टिलरी, क्षेप्यास्त्र तथा स्नाइपरहरूको प्रयोग गरेर दर्जनौं सैन्य कारबाही सञ्चालन गरेको र त्यसका कारण सयौं हुथी लडाकु हताहत भएको दाबी गरेका छन्। यद्यपि, अल जजीराले यी दाबीहरूको स्वतन्त्र रूपमा पुष्टि गर्न सकेको छैन।

गत सेप्टेम्बरको प्रारम्भमा हुथीहरूले अप्रत्याशित तीव्रता र सीमित प्रतिरोधका बिच यमनको लालसागर तटीय क्षेत्रमाथि आफ्नो नियन्त्रण विस्तार गर्न सफल भएका थिए।

तर, ताइजमा हुथीहरूले सरकारी सेनाबाट निकै कडा प्रतिरोधको सामना गरिरहेका छन्।

यसको एक मुख्य कारण सरकारी सेना र स्थानीय आदिवासी समुदायबिचको बलियो एकता रहेको बताइएको छ। अल जजीराका यासेर हसनका अनुसार, आइतबार समा किल्ला कब्जा गर्ने अभियानमा स्थानीय आदिवासी लडाकुहरू पनि सहभागी भएका थिए।

**ताइजमा सर्वसाधारण कसरी प्रभावित भइरहेका छन् ?**

ताइजमा पुन: चर्किएको लडाइँले ठूलो मानवीय सङ्कट निम्त्याएको छ। मानवीय सहायता सामग्री र आधारभूत सेवामा सीमित पहुँचका कारण शरणार्थी तथा विस्थापनको समस्या गम्भीर बन्दै गएको छ।

साथै, नागरिक हताहत हुने घटनामा पनि वृद्धि भएको छ। आन्तरिक रूपमा विस्थापित व्यक्तिहरू (आईडीपी) को शिविर व्यवस्थापनसम्बन्धी कार्यकारी एकाइका अनुसार, सेप्टेम्बरको प्रारम्भदेखि युद्ध चर्किएपछि यमनभर करिब २ लाख मानिस विस्थापित भएका छन्, जसमध्ये अधिकांश ताइज प्रान्तका रहेका छन्।

ताइज सहरतर्फ जाने केही मुख्य मार्गहरू बन्द भएपछि आसन्न मानवीय सङ्कटको जोखिम बढेको छ।

संयुक्त राष्ट्रसङ्घीय शरणार्थी उच्चायुक्तको कार्यालय (यूएनएचसीआर) र विश्व स्वास्थ्य सङ्गठन (डब्ल्यूएचओ) दुवैले जारी द्वन्द्वले यमनको पहिले नै कमजोर स्वास्थ्य सेवा प्रणालीलाई जोखिममा पारिरहेको चेतावनी दिएका छन्।

अल जजीराका यासेर हसनले ताइजको मानवीय अवस्थालाई ‘अत्यन्त कठिन’ भएको बताएका छन्। उनका अनुसार, सरकारी फौजले हुथीहरूको घुसपैठको डरले सहर प्रवेश गर्ने सबै सडकहरू बन्द गरेपछि अवस्था झन् जटिल बनेको छ।

मोखा सहर हुथीहरूको नियन्त्रणमा जानुअघि त्यहाँको बन्दरगाह ताइज सहरमा खाद्य सामग्री र मानवीय सहायता पुऱ्याउने प्रमुख आपूर्ति मार्गका रूपमा रहेको थियो।

जारी युद्धले समग्र यमनलाई नै तहसनहस बनाएको छ। संयुक्त राष्ट्रसङ्घका अनुसार, यमनका ३ करोड ४० लाख जनसङ्ख्यामध्ये झन्डै आधा मानिस गम्भीर खाद्य असुरक्षाको सामना गरिरहेका छन् भने करिब पाँच लाख मानिस कुपोषणको गम्भीर अवस्थाबाट पीडित छन्।



सरकारको जनविरोधी वित्तीय नीति र बजेटको विरोधमा चर्केको आन्दोलनका क्रममा दक्षिणपश्चिमी फ्रान्सको बोर्डेक्स सहरमा चर्को नाराबाजी गर्दै विरोध जुलुस गर्दै माध्यमिक विद्यालयका विद्यार्थीहरू अक्टोबर ५, २०२६ को दिन । मजदुरहरूको ४८ घण्टे आम हडतालबाट सुरु भएको देशव्यापी आन्दोलन मजदुर-कर्मचारी र विद्यार्थी आन्दोलनको रूपमा चर्कँदै गएको छ । *तस्बिर : एफपी/क्रिस्टोफे अक्रमबाउल्ट*

# होर्मुजको तनावबिच मध्यपूर्वको तेल निर्यातमा वृद्धि

मध्यपूर्व, १९ असोज (एएफपी) । इरानबाहेक मध्यपूर्वबाट हुने कच्चा तेलको निर्यातमा उल्लेख्य सुधार आएको छ । होर्मुज जलडमरूमा पानीजहाजमाथि आक्रमणका घटना भइरहे पनि तेल निर्यात केही दिन दैनिक एक करोड ८० लाख ब्यारेलभन्दा माथि पुगेको समुद्री यातायात अनुगमन गर्ने संस्था केप्लरको तथ्याङ्कले देखाएको छ ।

केप्लरका अनुसार सेप्टेम्बरमा इरानबाहेक मध्यपूर्वबाट कम्तीमा दैनिक एक करोड ६५ लाख ब्यारेल कच्चा तेल निर्यात भएको थियो । मार्चको तुलनामा यो ठुलो सुधार हो । मार्चमा क्षेत्रबाट दैनिक औसत करिब ६० लाख ब्यारेलमात्र तेल बाहिरिएको थियो ।

**होर्मुजको विकल्प खोजिँदै**

तेल निर्यात बढे पनि त्यसको बाटो भने परिवर्तन भएको छ । युद्धअघि मध्यपूर्वको अधिकांश कच्चा तेल होर्मुज जलडमरू हुँदै बाहिरिने गरेको थियो । अहिले करिब ४० प्रतिशत तेल उक्त जलडमरू प्रयोग नगरी वैकल्पिक बाटोबाट निर्यात भइरहेको केप्लरले जनाएको छ ।

साउदी अरब र संयुक्त अरब इमिरेट्सले आफ्ना पाइपलाइनको प्रयोग बढाएका छन् । लाल सागर हुँदै हुने तेल ढुवानी पनि बढेको छ । यसले होर्मुज जलडमरूमा निर्भरता घटाउन सहयोग गरेको छ ।

**साउदी अरबको पाइपलाइन पुनः सञ्चालन**

साउदी अरबले पूर्व-पश्चिम तेल पाइपलाइन पुनः सञ्चालन गरेपछि तेल निर्यातलाई वैकल्पिक मार्गबाट पठाउन सहज भएको छ । उक्त पाइपलाइनले देशको पूर्वी क्षेत्रमा रहेका तेल क्षेत्रलाई लाल सागरस्थित यान्बु बन्दरगाहसँग जोड्छ ।

आक्रमणका कारण सेप्टेम्बरमा केही समय बन्द भएको पाइपलाइन सेप्टेम्बर २२ मा पुनः सञ्चालनमा आएको थियो । सुरुमा कम क्षमतामा सञ्चालन भए पनि यसले होर्मुज जलडमरूमध्यबाट तेल पठाउनुपर्ने दबाब घटाएको छ ।

केप्लरका अनुसार सेप्टेम्बरमा साउदी अरबबाट कम्तीमा दैनिक ५१ लाख ब्यारेल कच्चा तेल निर्यात भएको थियो । संयुक्त अरब इमिरेट्सबाट दैनिक करिब ३२ लाख ब्यारेल र इराकबाट करिब २६ लाख ब्यारेल निर्यात भएको अनुमान गरिएको छ ।

**पानीजहाज परिवर्तन गरेर पनि तेल पठाइँदै**

होर्मुज जलडमरू हुँदै जाने तेलको ठुलो हिस्सा बिचसमुद्रमै एउटा पानीजहाजबाट अर्को पानीजहाजमा सार्ने गरिएको छ । यसरी तेललाई सुरक्षित वा वैकल्पिक मार्ग हुँदै गन्तव्यसम्म पुऱ्याउने प्रयास भइरहेको छ ।

केप्लरका अनुसार अगस्टमा होर्मुज हुँदै गएको कच्चा तेलमध्ये ७० प्रतिशतभन्दा बढी तेल समुद्रमै अर्को पानीजहाजमा सारिएको थियो ।

जोखिम भने अझै कायमै

तेल निर्यात बढे पनि अवस्था पूर्ण रूपमा सामान्य भइसकेको छैन । होर्मुज जलडमरूमा पानीजहाजमाथि आक्रमणको जोखिम अझै रहेको छ । पछिल्ला दिनमा यस क्षेत्रमा धेरै पानीजहाजमाथि आक्रमणका घटना रिपोर्ट भएका छन् ।

इरानले जलडमरूमध्यमा आफ्नो नियन्त्रण रहेको दाबी गर्दै आएको छ । अनुमतिबिना उक्त मार्ग प्रयोग गर्ने पानीजहाजहरू जोखिममा पर्न सक्ने अवस्था रहे पनि वैकल्पिक मार्ग र समुद्रमा पानीजहाज परिवर्तन गर्ने प्रणालीका कारण तेलको आवागमन बढेको छ ।

**तेलको मूल्यमा पनि असर**

मध्यपूर्वबाट तेलको आपूर्ति बढेपछि अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्यमा केही दबाब परेको छ । सोमबार ब्रेन्ट कच्चा तेलको मूल्य ०.७९ प्रतिशतले घटेर प्रतिब्यारेल १०१ डलर ४४ सेन्ट पुगेको थियो । अमेरिकी कच्चा तेलको मूल्य पनि १.२० प्रतिशतले घटेर प्रतिब्यारेल ९० डलर २ सेन्टमा पुगेको थियो । तर विज्ञहरूका अनुसार आपूर्ति बढ्दैमा क्षेत्रको अवस्था सामान्य भइसकेको मान्न सकिँदैन । तेल ढुवानीका वैकल्पिक बाटाहरू सञ्चालनमा आए पनि सुरक्षा जोखिम र बढ्दो ढुवानी खर्च अझै चुनौतीका रूपमा रहेका छन् ।

# दक्षिणपूर्वी एसियामा चिनियाँ सैन्य पहुँच विस्तार

हङकङ, १९ असोज (एएनआई) । चीनले दक्षिणपूर्वी एसियामा आफ्नो सैन्य पहुँच विस्तार गर्दै लाओसको राजधानी भियन्टियानबाट करिब ५० किलोमिटर उत्तरमा रहेको बान केउनमा नयाँ हवाई सैन्य सुविधा सञ्चालनमा ल्याएको छ । चीनले सन् २०१७ मा जिबुटीमा पहिलो विदेशी सैन्य आधार स्थापना गरेपछि दक्षिणपूर्वी एसियामा कम्बोडियाको नौसैनिक सुविधापछि लाओसमा यस्तो हवाई केन्द्र सञ्चालनमा ल्याएको हो ।

चीनको राष्ट्रिय रक्षा मन्त्रालयले सेप्टेम्बर २९ मा बान केउनमा चीन-लाओस संयुक्त समर्थन तथा प्रशिक्षण केन्द्र र मैत्री अध्ययन एकेडेमी सञ्चालनमा आएको जानकारी दिएको थियो । उद्घाटन समारोहमा लाओसका रक्षामन्त्री खामलिएङ ओथाकेसन सहभागी हुनुभएको थियो । चीनले केन्द्रको उद्देश्य लाओसका वायुसेना पाइलटको प्रशिक्षण क्षमता अभिवृद्धि गर्नु तथा दुई सेनाबिचको व्यावहारिक सहयोग विस्तार गर्नु रहेको जनाएको छ ।

बान केउनमा दुई हजार मिटर लामो पक्की धावनमार्ग, ट्याक्सीवे, पार्किङ एप्रन, हवाई यातायात नियन्त्रण टावर र पाँचवटा ह्याङ्गर छन् । चीनले उक्त सुविधा कुनै तेस्रो देशविरुद्ध लक्षित नभएको र क्षेत्रीय शान्ति तथा स्थायित्वमा योगदान पुऱ्याउने बताएको छ ।

तर चिनियाँ सैन्य टिप्पणीकारहरूका अनुसार चीनले बान केउनलाई लाओसको वायुसेना प्रशिक्षणका साथै क्षेत्रीय हवाई अभ्यास र इन्डोचाइना क्षेत्रमा आफ्नो प्रभाव विस्तारका लागि उपयोग गर्न सक्ने सम्भावना छ । चीन-लाओस रेलमार्गसँगको निकटता तथा राजधानीनजिकको अवस्थिति भएकाले कर्मचारी र उपकरण सार्न पनि सहज हुने बताइएको छ ।

लाओसको वायुसेनाले रुसी तथा चिनियाँ निर्मित विमान र हेलिकप्टर प्रयोग गर्दै आएको छ । नयाँ केन्द्रमा चीनले कस्ता विमान वा कति सैनिक तैनाथ गर्ने भन्ने स्पष्ट गरेको छैन । अस्ट्रेलियन स्ट्राटेजिक पोलिसी इन्स्टिच्युटले पनि चिनियाँ सैनिक तथा उपकरण स्थायी रूपमा तैनाथ हुनेबारे पर्याप्त जानकारी नभएको जनाएको छ । यद्यपि, लाओसमा निरन्तर सैन्य उपस्थिति कायम गर्नु र दुई देशका सेनाबिच सम्बन्ध गहिरो बनाउनु यसको प्रमुख महत्त्व हुन सक्ने उसको मूल्याङ्कन छ ।

कम्बोडियाको रेम नौसैनिक सुविधासँगै लाओसको नयाँ हवाई केन्द्रले इन्डोचाइना क्षेत्रमा चीनको सैन्य पहुँच विस्तार भएको देखाउँछ । रेममा चीन र कम्बोडियाले सन् २०२५ मा संयुक्त समर्थन तथा प्रशिक्षण केन्द्र सञ्चालनमा ल्याएका थिए । चीनले त्यहाँ पूर्वाधार निर्माणमा सहयोग गर्नुका साथै आफ्ना युद्धपोतसमेत पठाउँदै आएको छ । कम्बोडियाले भने उक्त सुविधा अन्य मित्रराष्ट्रका नौसेनाका लागि पनि खुला रहेको बताउँदै आएको छ ।

चिनियाँ सरकारी सञ्चारमाध्यमका अनुसार नयाँ उड्डयन केन्द्रले पाइलट, स्थल कर्मचारी र अन्य उड्डयन जनशक्तिको प्रशिक्षण प्रणाली विकास गर्न सहयोग गर्नेछ । यसबाट लाओसको चीन, रूस र भियतनाममा हुने विदेशी प्रशिक्षणमाथिको निर्भरता घटाउने उद्देश्य रहेको बताइएको छ ।

अमेरिकी रक्षा मन्त्रालयले चीनले विदेशमा सैन्य सुविधाहरू विस्तार गरी लामो दूरीमा सैन्य शक्ति परिचालन गर्ने क्षमता बढाइरहेको उल्लेख गर्दै आएको छ । यद्यपि, उसको अघिल्लो सम्भावित सैन्य आधारसम्बन्धी सूचीमा लाओसको नाम थिएन । नयाँ बान केउन केन्द्रले चीनको क्षेत्रीय सैन्य उपस्थिति, प्रशिक्षण तथा रक्षा सम्बन्ध विस्तारमा कस्तो भूमिका खेल्छ भन्ने कुरा भने चीन र लाओसबिचका सम्झौता तथा त्यसको वास्तविक प्रयोगमा निर्भर हुने देखिन्छ ।

# हुथीविरुद्ध निर्णायक सैन्य अभियान सञ्चालन गर्ने यमन सरकारको घोषणा

यमन,१९ असोज (एपी) । यमनको अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त सरकारले हुथी विद्रोहीविरुद्ध ठुलो सैन्य कारबाही सञ्चालन गर्ने घोषणा गरेको छ । हुथी विद्रोहीहरूले दक्षिणपश्चिमी यमनको महत्त्वपूर्ण सहर ताइजको बाहिरी क्षेत्रमा आफ्नो नियन्त्रण विस्तार गरिरहेका बेला सरकारले यस्तो घोषणा गरेको हो ।

राष्ट्रपति नेतृत्व परिषद्का प्रमुख रशद अल-अलिमीले साउदी अरबबाट सम्बोधन गर्दै हुथीहरूको नियन्त्रणमा रहेका बाँकी भूभाग फिर्ता लिन सैन्य अभियान सञ्चालन गरिने जानकारी दिनुभएको छ । उहाँले अन्तर्राष्ट्रिय समुदायसँग यमन सरकारलाई आवश्यक सहयोग उपलब्ध गराउनसमेत आग्रह गर्नुभएको छ ।

गत महिना हुथी विद्रोहीहरूले पछिल्ला केही वर्षयताकै ठुलो भूभाग आफ्नो नियन्त्रणमा लिएका थिए । उनीहरूले लाल सागरको तटीय क्षेत्र तथा बाब अल-मन्देब जलडमरू आसपासका क्षेत्रमा समेत आफ्नो प्रभाव विस्तार गरेका छन् । यसैबिच, हुथी विद्रोहीहरूले ताइज आसपास सरकारी सेना तथा उसका सहयोगीविरुद्ध पछिल्ला दिनहरूमा ठुलो आक्रमण गरेका छन् । उक्त आक्रमणका कारण ताइजलाई यमन सरकारको मुख्यालय रहेको अदेन बन्दरगाह सहरसँग जोड्ने प्रमुख सडकसमेत प्रभावित भएको छ । यमनको राजधानी सानामा राति हवाई हमला भएको हुथी विद्रोहीहरूले बताएका छन् । यमनको साउदी समर्थित सेनाले भने साना तथा साउदी सीमासँग जोडिएको उत्तरी सादा प्रान्तमा महत्त्वपूर्ण लक्ष्यहरूलाई लक्षित गरी हमला गरिएको जनाएको छ ।

साउदी अरब र हुथी विद्रोहीबिच बढ्दो तनावका कारण चार वर्षसम्म कायम रहेको युद्धविरामपछि यमनको गृहयुद्ध पुनः चर्किएको अवस्था देखिएको छ । यसैबिच, इरान-अमेरिका प्रत्यक्ष वार्तामा प्रमुख वार्ताकार रहनुभएका इरानी संसद्का सभामुखले अमेरिकाले मध्यस्थमार्फत नयाँ प्रस्ताव पठाएको जानकारी दिनुभएको छ । उक्त प्रस्तावको विस्तृत विवरण भने सार्वजनिक गरिएको छैन ।

यमननजिकै बाब अल-मन्देब जलडमरू क्षेत्रमा एउटा व्यावसायिक ट्याङ्करले विस्फोटको घटना रिपोर्ट गरेको समुद्री सुरक्षा अनुगमनकर्ताले जनाएको छ ।

# नाकाबन्दीबिच इरानमा तेलमन्त्री परिवर्तन

तेहरान, १९ असोज (एएनआई) । संयुक्त राज्य अमेरिकाले इरानको पेट्रोलियम निर्यात रोक्न कडा नौसैनिक नाकाबन्दी जारी राखेका बेला इरानका तेलमन्त्री मोहसेन पाकनेजादले राजीनामा दिनुभएको छ । राष्ट्रपति मसुद पेजेस्कियानले उहाँको राजीनामा स्वीकृत गर्दै राष्ट्रिय इरानी तेल कम्पनी (एनआइओसी) का प्रमुख हमिद बोवार्डलाई कार्यवाहक तेलमन्त्री नियुक्त गर्नुभएको छ ।

इरानी सरकारी सञ्चारमाध्यम आइआरआइबीका अनुसार पाकनेजादले व्यक्तिगत कारण देखाउँदै पदबाट हट्न प्रस्ताव गर्नुभएको थियो । राष्ट्रपतिले सुरुमा पदमै रहन आग्रह गर्नुभएको भए पनि उहाँले अडान नछाडेपछि राजीनामा स्वीकृत गरिएको हो । राष्ट्रपति पेजेस्कियानले उहाँको प्रयास र सेवाको प्रशंसा गर्नुभएको छ ।

इरानको तेल क्षेत्रमा नेतृत्व परिवर्तन अमेरिकी दबाब बढिरहेका बेला भएको हो । मध्यपूर्व युद्धका क्रममा हर्मुज जलघाँटी महत्त्वपूर्ण समुद्री मार्ग बनेको छ । यो जलमार्गबाट युद्धअघि विश्वव्यापी कच्चा तेल र तरलीकृत प्राकृतिक ग्यासको करिब २० प्रतिशत ढुवानी हुने गरेको थियो ।

इरानी तेल आम्दानी रोक्नु अमेरिकी आर्थिक रणनीतिको प्रमुख उद्देश्य बनेको छ । अमेरिकी अर्थ मन्त्रालयले शुक्रबार इरानको अटोमोटिभ र रेल उद्योगलाई लक्षित गर्दै नयाँ प्रतिबन्ध घोषणा गरेको छ । अर्थमन्त्री स्कट बेसेन्टले प्रतिबन्धले इरानको युद्ध सञ्चालन गर्ने वित्तीय क्षमता कमजोर पार्ने बताउनुभएको छ ।

यसैबिच, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानले आणविक हतियार विकास गर्ने महत्त्वाकांक्षा लगभग त्यागिसकेको दाबी गर्नुभएको छ । इरानको ऊर्जा क्षेत्रमा अमेरिकी आर्थिक दबाब बढिरहेका बेला पाकनेजादको राजीनामाले तेल मन्त्रालयमा नयाँ नेतृत्व आएको छ ।

# इमरानको रिहाइ माग्दै मार्च

इस्लामावाद, १९ असोज (एपी) । पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खानको रिहाइको माग गर्दै उहाँका पचास हजारभन्दा बढी समर्थकले आइतबार खैबर पख्तुनख्वाबाट राजधानी इस्लामावादतर्फ मार्च सुरु गरेका छन् । सरकार र खानको पाकिस्तान तहरीक-ए-इन्साफ (पिटिआई) पार्टीबिच मार्च स्थगित गर्ने विषयमा भएको वार्ता निष्कर्षविहीन भएपछि समर्थकहरू राजधानीतर्फ अघि बढेका हुन् ।

खान भ्रष्टाचारलगायतका अभियोगमा सन् २०२३ देखि जेलमा हुनुहुन्छ । उहाँ र उहाँको पार्टीले ती अभियोग राजनीतिक रूपमा प्रेरित भएको बताउँदै आएका छन् । कारावासमा रहे पनि खानले ठुलो जनसमर्थन कायम राख्नुभएको छ ।

पिटिआई समर्थकहरू ट्रक, बस र कार लिएर लक्की मारवत जिल्लाबाट राजधानीतर्फ अघि बढेका छन् । मार्चको नेतृत्व खैबर पख्तुनख्वाका मुख्यमन्त्री तथा खानका समर्थक सोहेल अफ्रिदीले गर्नुभएको छ । अधिकारीहरूले इस्लामावाद प्रवेश गर्ने मुख्य मार्ग र सहरभित्र कन्टेनर राखेर सडक अवरोध गरेका छन् ।

पिटिआई अध्यक्ष गौहर खानले दुई चरणको वार्तापछि छलफल ठप्प भएको बताउनुभएको छ । गृहमन्त्री मोहसिन नकवीले वार्ता असफल हुनुमा अफ्रिदीलाई जिम्मेवार ठहराउँदै मार्चका क्रममा मानवीय क्षति भए उहाँ नै जिम्मेवार हुने चेतावनी दिनुभएको छ ।

सरकारले उत्तरपश्चिमी क्षेत्रमा पाकिस्तानी तालिबानका आतङ्कवादी आक्रमण बढिरहेकाले मार्च स्थगित गर्न आग्रह गरेको छ । प्रदर्शनकारीहरूले खानको रिहाइसँगै उहाँलाई अस्पतालमा स्थानान्तरण गर्न र परिवारसँग भेट्न दिन माग गरेका छन् । अधिकारीहरूले भने उहाँको स्वास्थ्य राम्रो रहेको र नियमित पारिवारिक भेटघाट भइरहेको बताएका छन् ।

खानलाई अप्रिल २०२२ मा संसदीय अविश्वास प्रस्तावमार्फत प्रधानमन्त्री पदबाट हटाइएको थियो । फेब्रुअरी २०२४ को निर्वाचनपछि शाहबाज सरिफ पुनः प्रधानमन्त्री बन्नुभएको हो । उक्त निर्वाचनमा धाँधली भएको खानको पार्टीको आरोप सरकारले अस्वीकार गर्दै आएको छ ।

# दुई कास्य पदकमा रोकिएको नेपालको नागोया यात्रा

✍ राजु सिलवाल

काठमाडौँ, १९ असोज । जापानको नागोयामा आयोजित बीसौँ एसियाली खेलकुद एसियाडमा नेपालले हासिल गरेको परिणाम र नेपालका खेल अधिकारीहरूले गरेको अपेक्षामा ठूलो ठेस लागेको छ । राष्ट्रिय खेलकुद परिषद्ले सञ्चालन गरेको 'मिसन २०२६' को लक्ष्य अनुसार नेपाली खेल टोली एसियाडमा प्रतिस्पर्धाका लागि प्रस्थान गर्दा यसपटक नेपालले विगतको भन्दा ठूलो उपलब्धि हासिल गर्ने पूर्वअनुमान गरिएको थियो । नेपालले एसियाडमा ७५ वर्ष लामो सहभागितामा पहिलोपटक स्वर्ण र दोहोरो अङ्कमा पदक जित्ने पूर्वउद्घोष दुई कास्य पदकमा सीमित हुन पुगेको छ । नेपाली खेल टोलीले धेरै पदकको सपना देखे पनि लक्ष्य, तयारी तथा खेलाडीहरूको स्तरबिच तालमेल हुन नसकेको स्पष्ट देखियो । खेल अधिकारीहरूले पदकको आशा गरेका खेलाडीहरूसमेत सफलता हात पार्न नसकेर खाली हात फर्कनु परेपछि नागोयाको सहभागिताबारे गम्भीर प्रश्न उठेको छ ।

**तेन्जिङको आरोहण**

विश्व मानचित्रमा मुलुकको नाम जाज्वल्यमान गराउने काममा हिमाल आरोही शेर्पाहरूको महत्त्वपूर्ण भूमिका रहँदै आएको छ । यसपालि एसियाडमा पनि एक शेर्पा खेलाडीले पहिलोपटक पदक जितेर पदक तालिकामा नेपालको नाम आरोहण गराउनु कम चुनौतीपूर्ण थिएन । नागोयामा सहभागी भएका नेपाली कराँते खेलाडीहरूमध्ये तेन्जिङ शेर्पा मुलुकलाई पहिलो कास्य पदक दिलाउने भाग्यमानी बन्न पुगेका थिए । पहिलो खेलमै मकाउका प्रतिस्पर्धीले चारपटक गल्ती गर्दै अयोग्य घोषित भएपछि तेन्जिङले सोझै सेमी फाइनलमा पुग्ने अवसर पाएका थिए । पदक प्राप्तिको अत्यधिक अपेक्षा गरिएको कराँते खेलतर्फ चौथो दिनसम्म कुनै खेलाडीले पनि सफलता नपाइरहेको बेला शेर्पाले एक कास्य पदक पाएर मुलुकको इज्जत जोगाएका छन् ।

कुमुते तथा काताामा सहभागी अन्य सात सहकर्मी पराजित भएर मैदानबाट बाहिरिसकेको अवस्थामा कराँते खेलको अन्तिम दिन तेन्जिङ इरानी खेलाडीसँग सेमी फाइनलमा हारे पनि तेस्रो स्थानका लागि भएको प्रतिस्पर्धामा लाओसका खेलाडीलाई विशाल अङ्कको अन्तरले हराएर कास्य पदकको हकदार बन्न पुगेका थिए । मुलुकमा बाढी र पहिरोको समस्याले सबै शोकमा रहेका बेला आफूले अलिकति भए पनि खुसीको सञ्चार गराउन सकेकामा पदक विजेता तेन्जिङले सन्तोष व्यक्त गरेका छन् । स्वदेश फर्केपछि विमानस्थलमा उनले आफूले जितेको पदक जन्मदाता आमालाई लगाएर सम्मानित गरेको क्षण अनुकरणीय मान्न सकिन्छ ।

**अर्को पदक पनि आमालाई**

तीन वर्षअघि चीनमा तथा यसपालि गरी एसियाडमा लगातार दुईपटक कास्य पदक जितेको नेपाली महिला कबड्डी टिमका सदस्यहरूले आफूले हासिल गरेको पदक पनि आमाप्रति समर्पित गरेर मातृभक्ति दर्साएका छन् । नेपालको दुई पटकको विजयमा महत्त्वपूर्ण भूमिका खेलेकी कबड्डी प्रशिक्षक पार्वती राईलाई खेलाडीहरूले आमा सम्बोधन गर्दै सबै पदक लगाएर सम्मान गरेको क्षण अत्यन्त गर्विलो थियो । नागोयामा विभिन्न खेलमा दिनहुँजसो नेपाली खेलाडीहरूको निराशाजनक नतिजा आइरहेको बेला मनमती विष्टको नेतृत्वमा रहेको नेपाली महिला कबड्डी टिमले एसियाडमा दोस्रो पटक कास्य पदक जितेर इतिहास कायम गर्न सफल भएको थियो । थाइल्यान्ड र श्रीलङ्कालाई दबाब दिँदै हराउन सफल नेपाली टिम चाइनिज ताइपेइसँग भने पराजित हुन पुगेको थियो ।

सेमीफाइनलमा नेपाली टिम भारतसँग पराजित भई कास्य पदकमा सीमित हुन पुगे पनि नेपाली महिला कबड्डीमा नेपालले आगामी दिनमा थप सफलता प्राप्त गर्न सक्ने सङ्केत देखिएको छ । महिला कबड्डीमा भारतीय टिम तुलनात्मक रूपमा अन्य टिमभन्दा बलियो मानिएको छ । नेपाली टिम भारतसँग पराजित भएको यो पहिलोपटक थिएन । अघिल्लो एसियाडमा पनि नेपाल सेमीफाइनलमा भारतसँगै हारेको थियो । १३ औँ दक्षिण एसियालीखेलकुदको महिला कबड्डी फाइनलमा पनि नेपाल भारतसँग पराजित भई रजत पदकमा सीमित भएको थियो ।

यस्तै, एसियालीमहिला कबड्डी च्यापियनसीपमा पनि नेपाल भारतसँग पराजित हुँदै कास्य पदक लिएर स्वदेश फर्केको थियो । अब आउने प्रतिस्पर्धाहरूमा पुरानो प्रतिद्वन्द्वी टिमलाई परास्त गर्नसक्ने गरी महिला कबड्डी टिमलाई सक्षम बनाउन सम्बन्धित पक्षले यथोचित कदम चाल्नुपर्ने जरुरी देखिन्छ । यसका लागि सबैभन्दा पहिले कबड्डीका लागि छुट्टै कभर्ड हलको आवश्यकता महसुस गरिएको छ । एसियाडमा नेपालको महिला टिमको तुलनामा पुरुष कबड्डी टिम भने कमजोर देखिएको थियो । समूह चरणको अन्तिम खेलमा नेपाली पुरुष कबड्डी टिमले मलेसियालाई हराउँदै सान्त्वना जित हात पारे पनि अघिल्लो तीनै खेलमा पराजित हुँदै समूह चरणबाट बाहिरिएको थियो । एसियाडको अनुभव भोलि आउने प्रतिस्पर्धाका लागि उपयोगी हुने कुरामा सहमत हुन सकिन्छ ।

**आशा गरिएकाहरू चुकेपछि**

कराँतेमा नेपालका तीन खेलाडी कास्य पदकको भिडन्त अवधिसम्म र अन्य चार जना प्रारम्भिक चरणमा बाहिरिनु दुर्भाग्य रह्यो । एसियाडमा स्वर्ण पदकको अपेक्षा गरिएकी कराते खेलाडी एरिका गुरुङ भिडन्तमा दुई सेकेन्ड टिक्न नसक्दा रित्तो हात फर्कनुपर्‍यो । अघिल्लो एसियाडमा रजत पदक जितेपछि लगातार विभिन्न वैदेशिक प्रतियोगितामा पदक जित्न सफल एरिका करिब तीन वर्षको प्रशिक्षणपछि उच्च मनोबलका साथ जापान गएकी थिइन् । उनले क्रमिक रूपमा हासिल गर्दै गएको सफलताको कारण उनीप्रति स्वर्ण पदकको अपेक्षा गरिएको थियो । उनलाई जित्नै पर्ने मनोवैज्ञानिक दबाब पनि थियो । पहिलो खेलमै जोर्डनकी यारा नासेरलाई एक अङ्कका विरुद्ध सात अङ्कको फराकिलो अन्तरले पराजित गरेर उनले राम्रो सम्भावनाको सङ्केत देखाएकी थिइन तर दुर्भाग्य सेमीफाइनलको भिडन्त एरिकालाई विगतमा तीनपटक पराजित गरिसकेकी काजाकिस्तानकी सोफ्या बेरुल्टेभासँग हुन पुग्यो । उनीसँग एरिका पराजित हुन पुगिन् । गत एसियाडमा पनि एरिका उनैसँग हारेकी थिइन् । त्यसपछि दुई पटक प्रिमियर लिग फाइनलमा पनि उनैको जित भएको थियो । रिपिचेजबाट कास्य पदक जित्ने सम्भावना भए पनि एरिका साउदी अरेबियाकी खेलाडीसँग हारेपछि नेपालको पदकको सम्भावना गुमेको थियो ।

कराँते खेलाडी मीनबहादुर तामाङ हङकङ तथा ताजिकिस्तानका खेलाडीलाई हराउँदै सेमीफाइनलमा पुगेर पदकको सम्भावित दाबेदारका रूपमा प्रस्तुत गरेका थिए । तर, उनी सेमीफाइनलमा कुवेत तथा कास्य पदकका लागि भएको खेलमा साउदी अरेबियाका खेलाडीसँग पराजित भएपछि पदकको सम्भावना रहेन । पहिलो चरणमा बाई पाएका राकेश मानन्धरले थाइल्याण्डका खेलाडीलाई भारी अङ्कको अन्तरले हराई क्वाटरफाइनल खेल जितेका थिए तर उनी सेमीफाइनलमा उज्बेकिस्तान र कास्य पदकका लागि भएको खेलमा मलेसियाका खेलाडीसँग हारेका थिए । निरूपा डोङ तामाङ प्रारम्भिक चरणमै हङकङकी खेलाडीसँग पराजित भएर बाहिरिएकी थिइन् । व्यक्तिगत काताामा सानुमाया थिङ दक्षिण कोरियाकी खेलाडीसँग पराजित भएर राउण्ड अफ १६ बाट बाहिरिएकी थिइन् । नेपाली महिला काता टिम पनि पदक हासिल गर्नबाट बञ्चित हुन पुगेपछि कराँतेमा थप पदक आउने सम्भावनाको अन्त्य भएको थियो ।

बक्सिङ खेलाडी चन्द्रबहादुर थापालाई पनि एसियाडमा स्वर्ण पदकको दाबेदारका रूपमै हेरिएको थियो । वर्ल्ड बक्सिङ च्याम्पियनसीपमा कास्य पदक जितेर नेपाली खेलाडीहरूमध्ये हालसम्मकै सर्वाधिक ७५ हजार डलर पुरस्कार पाएका खेलाडी थापासहित अन्य नेपाली पुरुष तथा महिला बक्सिङ खेलाडी पराजित भएपछि बक्सिङको सम्भावना पनि गुम्न पुगेको थियो । बक्सिङमा केही खेलाडी प्रारम्भिक तथा दोस्रो चरणसम्म पुगेका थिए । पदकको अपेक्षा गरिएको उसु खेलमा कुनै पनि नेपाली खेलाडीको उल्लेखनीय प्रदर्शन हुन सकेन । दोस्रो पटक एसियाडमा भाग लिएको नेपाली महिला भलिबल टिमले नागोयामा सहभागीहरूमध्ये १२औँ स्थान प्राप्त गर्‍यो । नेपालले खेलेका कूल पाँच खेलमध्ये चार खेलमा हारेको थियो भने एक खेल जितेको थियो । नेपाल जापान, हङकङ, इण्डोनेशिया र मङ्गोलियासँग लगातार सोझो सेटले पराजित भएको थियो भने नेपालले कीर्गिस्तानलाई लगातार सोझो सेटमा हराएको थियो । जुडोमा पनि चार खेलाडी पहिलो चरणमै बाहिरिएका थिए । टेनिस डबल्समा नेपाली खेलाडी दोस्रो चरणसम्म पुगेका थिए ।




सफ्ट टेनिसको मिक्स्ड डबल्समा नेपाल पहिलो खेलमा चाइनिज ताइपेइसँग हारे पनि दोस्रो मङ्गोलियालाई हराई समूहको उपविजेता बनेर अन्तिम १६ मा प्रवेश गरेको थियो तर त्यसपछि अघि बढ्न असफल भई नेपाल प्रतियोगिताबाट बाहिरिएको थियो । टेबुलटेनिसको मिक्स डबल्समा नेपालले पाकिस्तानलाई लगातार सोझो सेटले पराजित गर्दै दोस्रो चरणमा पुगे पनि हङकङसँग हारेपछि घर फर्कनुपरेको थियो । ब्याडमिन्टनको पुरुष सिङ्गल्समा नेपालका क्षितिज खनाल पहिलो चरणमा विजय बने पनि दोस्रो चरणमा इरानका खेलाडीसँग हार्न पुगे । महिला सिङ्गल्सतर्फ रिहाना शेरचन दोस्रो चरणमा पुगे पनि श्रीलङ्काकी खेलाडीसँग पराजित भएपछि यात्रा टुङ्गिएको थियो ।

नेपालले हालसम्म सबैभन्दा धेरै १४ वटा पदक ल्याएको ताइक्वान्डो खेलमा पछिल्लो पटक सन् २००६ मा पदक प्राप्त भएको थियो । २० वर्षपछि पनि नेपालले पदक जित्न नसकी प्रारम्भिक चरणमै प्रतियोगिताबाट बाहिरिनुपर्‍यो । अन्य केही खेलमा पनि नेपाली खेलाडीले प्रारम्भिक चरणमा राम्रो प्रदर्शन गरेर सुखद् सङ्केत देखाए पनि अघिल्ला चरणमा बाहिरिनु नेपालका लागि दुर्भाग्य हुन गयो ।

नेपालका आर्चरी खेलाडी सबै प्रतिस्पर्धाबाट बाहिरिएका थियो । एथलेटिक्स, साईक्लिङ, गल्फ, स्केट बोर्डिङ, स्क्वास, कुस्तीलगायतका खेलमा पनि नेपाली खेलाडीहरूको प्रदर्शन सन्तोषजनक हुन सकेन । एसियाडमा प्रतियोगिताहरू समाप्त हुँदै गइरहेको समयमा नेपाली खेलाडीले क्यानोइङमा पदकको सम्भावना देखाए पनि सफलता भने हात लागेन । नेपालका विजय माझीले उत्कृष्ट प्रदर्शन गर्दै पुरुष कायक सिङ्गल स्लालोममा फाइनल चरणसम्म पुग्दै १० औँ स्थान हासिल गरेका थिए । अर्का खेलाडी आशिष रानामगर सेमी फाइनल र कायक क्रसमा क्वाटरफाइनलसम्म पुगेका थिए ।

**रित्तो हात फर्कनु परेन**

नेपाली कराँते टिम एसियाडमा एक कास्य पदकमै सीमित भए तापनि जापानमै भएको ११औँ विश्व सितोरियो कराँते डो च्याम्पियनसीपमा छ वटा पदक जितेर उत्साहित हुँदै स्वदेश फर्कनु सुखद संयोग मानिएको छ । उक्त प्रतियोगितामा चर्चित नेपाली कराते खेलाडी एरिका गुरुङले स्वर्ण पदक जितेपछि एसियाडले बनाएको निरासा फेरि खुसीमा परिणत गर्न सफलता प्राप्त गरेकी थिइन ।

त्यस्तै, राकेश मानन्धरले पनि स्वर्ण पदक जितेर जापानबाट पदक ल्याउन सपना पूरा गरेका थिए । सो प्रतियोगितामा नेपाली खेलाडी निरूपा डोङ तामाङले रजत पदक तथा मीनबहादुर तामाङले कास्य पदक पाएका थिए । नेपाली खेलाडीहरूले कुमितेतर्फ टिम प्रतिस्पर्धा तथा मेघा लिम्बु, सानुमाया थिङ र एलिशा रास्कोटी सम्मिलित काता टोलीले पाएको कास्य पदकबाट नेपाली कराँते टोलीलाई आगामी दिनमा अझ उत्साहका साथ प्रदर्शन गर्न ऊर्जा मिलेको महसुस गरिएको छ ।

**नहार्दै बाहिरिदाको पिडा**

कुनै पनि खेलको निर्णय खेलपछि हुने जित वा हारले गर्ने गर्दछ तर एसियाडमा खेल्दै नखेली विश्व वरियतामा अगाडि रहेका देश अघिल्लो चरणमा जान पाउने नियमले क्रिकेटमा भर्खरै आफ्नो स्थान बनाउन प्रयास गरिरहेको नेपालजस्तो मुलुकलाई समस्या परेको छ । एसियाडमा नेपाली क्रिकेट टोली कुनै खेलमा पराजित नभए तापनि प्रतियोगिताबाट बाहिरिनु परेकामा खेलाडीहरूका साथै नेपाल टोलीको हौसला बढाउन नागोयाको मैदानमै पुगेका खेलप्रेमीहरू निराश हुन पुगेका थिए ।

नेपाल र श्रीलङ्काबिचको क्वाटरफाइनल वर्षाको कारण हुन नसकेर विश्व बरियताको आधारमा श्रीलङ्का सेमीफाइनलमा पुगेपछि नेपालको अघिल्लो यात्रा रोकिन पुग्यो । वर्षाको कारण प्रतियोगताका चारवटै क्वाटरफाइनल हुन सकेका थिएनन् । खेलको निर्धारित समयमा पानी परे अर्को दिन खेलाएर नतिजा निर्धारण गर्नु पर्दथ्यो । नेपालले पहिलो खेलमा १२ वर्षपछि अफगानिस्तानलाई पराजित गर्न सफल भएको थियो । जापानसँग भएको दोस्रो खेलमा पनि उत्कृष्ट खेल प्रदर्शन गरेको नेपाल समूह विजेताको रूपमा क्वाटरफाईनलमा प्रवेश गरेको थियो । टस नै नगरिएको अवस्थामा प्रतियोगिताबाट बाहिरिनु परेपछि नेपाललगायतका एसोसिएट मुलुकले यस्तो अव्यावहारिक नियम खारेज गर्नका लागि सम्बन्धित निकायमा आवाज उठाउन जरुरी भएको छ ।

**धेरै खेलमा किन पदक आएन ?**

एसियाडमा भाग लिएका ४५ मुलुक तथा क्षेत्रका खेलाडीहरू पदक जित्ने लक्ष्यका साथ नै जापान गएका थिए । एसियाली मुलुकका तर्फबाट ओलम्पिक तथा विश्व च्याम्पियनसीपमा पदक जितेका कैयौं खेलाडीले आ-आफ्नो मुलुकको प्रतिनिधित्व गरेका थिए । प्रतियोगितामा नेपाली खेलाडीहरूले आफ्नो क्षमता अनुसारको खेल प्रदर्शन गरे । अपेक्षा गरेअनुसार पदक ल्याउन नसक्नुमा खेलाडीहरूको मात्र दोष छैन । आफ्ना खेलाडीहरूको क्षमतालाई एसियाली खेलकुदको स्तरसम्म लैजान यथेष्ट प्रयास हुन सकेन ।

नेपाली खेलकुद क्षेत्रमा संस्थागत विकास भएको सात दशकभन्दा बढी भैसकेको छ तर तल्लो तहदेखि नै खेलकुद क्षेत्रमा आवश्यकताअनुसार लगानी हुन सकेको छैन । सानै उमेरदेखि खेलाडीलाई खेल कौशल सिकाएर दीर्घकालीन रूपमा प्रतिभाशाली खेलाडीहरू उत्पादन गर्ने नियमित प्रशिक्षणको नभएसम्म नेपाल वैदेशिक मैदानमा पछि परिरहनु कुनै नौलो मानिदैन । अन्य राष्ट्रहरूसँग प्रतिस्पर्धा गर्न सक्ने खेलाडीहरू तयार पार्न यथेष्ट लगानी नगरेसम्म पदक प्राप्त त्यति सहज छैन । यसपालि नेपालले २१ वटा खेलमा सहभागिता जनाउनु उचित थिएन । खेलाडीहरूको खेल प्रदर्शनको धरातलको आँकलन नै नगरेर धेरै खेलमा प्रतिस्पर्धा गर्दा पराजय भोग्नु पर्‍यो । पदकको सम्भावना भएका खेलमा मात्र खेलाडी पठाइएको भए यस्तो स्थिति पक्कै आउँदैनथ्यो । विगतका प्रतियोगितामा प्रदर्शनको इतिहासका साथै पछिल्ला वर्षहरूमा स्वदेशी तथा वैदेशिक प्रतियोगितामा हासिल भएका उपलब्धिका आधारमा खेल चयन हुन सकेन ।

खेल सङ्घहरूका पदाधिकारीहरूबिच आ-आफ्ना खेललाई जसरी पनि एसियाली खेलकुदमा समावेश गराउने होडमा अत्यधिक खेलमा भाग लिएको नतिजा मैदानमा निराशाजनक प्रदर्शनबाट देखियो । कतिपयले राष्ट्रिय खेलकुद परिषद् तथा सम्बन्धित खेलको उचित योजना तथा व्यवस्थापनको अभावलाई अर्को प्रमुख कारणको रूपमा लिएका छन् । यसमा सीमित बजेट, स्रोतको अस्थिरताको भूमिकाको साथै खेलाडीहरूको नियमित र दीर्घकालीन प्रशिक्षणको अभाव, अन्तर्राष्ट्रिय प्रतियोगितामा अनुभवको कमीजस्ता कारणले पनि खेलाडीहरू उचित प्रदर्शन गर्नबाट चुकेको देखिन्छ ।

नेपालको प्रतिनिधित्व गर्दै दुई सयभन्दा बढी सङ्ख्यामा खेल टोली जापान पुगेर पनि दुईवटा कास्य पदकमा चित्त बुझाउनुपर्ने स्थिति पक्कै सुखद होइन । दक्षिण एसियाकै मित्र राष्ट्र भुटानले जम्मा १३ जना मात्र खेलाडी पठाएको थियो । बाढी पहिरोको समस्यामा अल्झिरहेको नेपालबाट ठूलो टोलीलाई राज्यले गरेको लगानीबाट प्राप्त प्रतिफल सन्तोषजनक मान्न सकिँदैन ।

**अबको बाटो**

जापानबाट नेपाली खेल अधिकारीहरू स्वदेश फर्केपछि एसियाडमा नेपालको पराजय किन भयो विस्तृत रूपमा समीक्षा गर्नु अत्यन्त जरुरी मानिएको छ । नेपाल कुन खेलमा के कस्ता कमजोरीले गर्दा पराजित हुनुपर्‍यो भन्नेबारे खेल प्रशिक्षक तथा खेलाडीहरूको अनुभवबाट पनि जानकारी लिनुपर्दछ । यस्तो समीक्षाबाट आएका निचोडलाई आगामी वैदेशिक प्रतियोगिताहरूमा सुधारका लागि प्रयोग गर्नसके विदेशी भूमिमा लज्जाजनक रूपमा पराजय भोग्नुपर्ने स्थिति रहँदैन । ओलम्पिक, एसियाली खेलकुद तथा दक्षिण एसियाली खेलकुदजस्ता आधिकारिक खेलकुद प्रतियोगितामा पदक प्राप्त गर्ने अबको बाटो भनेको प्राथमिकताका खेलमा केन्द्रित लगानी गर्नु हो । यसका लागि प्रतिभा चयन गरेर योग्य प्रशिक्षकमार्फत उनीहरूलाई निश्चित अवधि तोकेर दीर्घकालीन प्रशिक्षण दिन ढिलो गर्नु हुन्न । खेल विज्ञानलाई प्रशिक्षणको मूल आधार बनाइनुपर्छ । खेलाडीहरूको नियमित प्रदर्शनको अवस्थाबारे सम्बन्धित निकायबाट निगरानी भइरहनु पर्ने आवश्यकता पनि देखिएको छ ।

नागोयामा नेपालले प्राप्त गरेको परिणामलाई प्रतियोगिता भएको असफलताका रूपमा मात्र हेर्नुभन्दा समग्र रूपमा नेपाली खेलकुद प्रणालीको वर्तमान अवस्थाका रूपमा हेर्न सकिन्छ । अब छ महिनापछि नै पाकिस्तानमा हुने दक्षिण एसियाली खेलकुद, सन् २०२८ मा अमेरिकामा हुने ओलम्पिक तथा सन् २०३० मा कतारमा हुने एसियाडमा नेपालको पदक आउने आधार बनाउन सरकारले बृहत मिसनको नेतृत्व लिनुपर्ने हुन्छ । राष्ट्रिय खेलकुद परिषद, नेपाल ओलम्पिक कमिटी तथा सम्बन्धित खेल सङ्घ आपसी विवादमा नअल्मलिई वर्षैभरि बृहत खेलकुद प्रशिक्षण मिसन सञ्चालन गर्न एकैसाथ जुटनुपर्दछ । नागोया एसियाडमा नेपाली खेलाडीहरूले पदक प्राप्तिका लागि अनुभव गरेका कठिन बाटोलाई कसरी सहज बनाउन सकिन्छ त्यही नै अबको नेपाली खेलकुद जगत्को प्रमुख अभियान हुन सक्दछ । *रासस*

# कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप – १३७

**प्रहरी अतिरिक्त महानिरीक्षक सिद्धिविक्रम शाह**

भदौ २३ गतेको प्रदर्शनका क्रममा माइतीघर मण्डलदेखि नयाँ बानेश्वर क्षेत्रसम्मको सुरक्षा अवस्थाका विषयमा आफू बिहानैदेखि फिल्डमा गएर प्रत्यक्ष अवलोकन गरेको र कम जनशक्ति रहेको ठाउँमा अतिरिक्त प्रहरी पठाउने व्यवस्था मिलाएको प्र.अ.म.नि. शाहले बताए। काठमाडौँका प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी परिसर प्रमुख तथा अन्य वरिष्ठ प्रहरी अधिकृतहरूसँग सम्पर्कमा रहेको भए तापनि धेरैजसो निर्णय प्रत्यक्ष रूपमा प्रहरी महानिरीक्षकबाट सोझै फिल्डमा खटिएकाहरूलाई निर्देशन जाने व्यवस्था थियो। यसकारण, कार्यविभाग प्रमुखको भूमिका अपेक्षाकृत समन्वयमै सीमित रहेको उनको भनाइ छ। उनको यो भनाइ आफैमा गैरव्यावसायिक र नेपाल प्रहरी प्रधानकार्यालय कार्यविभागको प्रमुखजस्तो विशिष्ठ श्रेणीका प्रहरी अधिकृतले आफ्नो दर्जागत जिम्मेवारीबाट पन्छिन खोजेको देखिन्छ। सिधै फिल्डमा खटिएका प्रहरी कर्मचारीहरूलाई सिधै सम्पर्क गरी निर्देशन दिने गरिरहेको सम्बन्धमा तत्कालीन प्रहरी महानिरीक्षकलाई त्यसो नगरी Chain of command अनुसार आफ्नो भूमिकालाई पनि Minimized नगर्न भनी सुझाव दिएको कतै देखिएन। यसमा निज प्र.अ.म.नि. को कमजोरी देखिन्छ।

भदौ २४ गतेको सन्दर्भमा गोली नचलाउने आदेश, प्रहरी सुरक्षित हुने, हिरासतमा रहेका थुनुवाहरूको लिस्ट तयार पारी छोड्ने भन्ने तत्कालीन Victor-१ को प्रहरी रेडियो सञ्चारसेटमा खबर आएको हो भन्ने प्र.अ.म.नि. शाहको भनाइ रहेको छ।

मुलुकमा शान्ति सुव्यवस्था कायम गर्न तथा आपराधिक क्रियाकलाप निरुत्साहित गर्न प्रयोग गरिने प्रहरीका हातहतियारहरू भदौ २४ गते घटित घटनाका क्रममा लुटिन गई प्रहरीको नियन्त्रणबाट बाहिरिएको अवस्था थियो। हतियार लुटिनु र जलाइनु सामान्य कुरा होइन। हातहतियार लुटिसकेको अवस्थामा के-कति कारणले लुटिए, किन बचाउन सकिएन, बचाउन नसक्ने अवस्थामा किन नष्ट गर्न सकिएन र यी सबै कार्यमा संलग्न मातहत प्रहरी कर्मचारी र तिनका निकटस्थ कमान्डरहरूको के भूमिका रह्यो भन्ने सम्बन्धमा आन्तरिक अनुसन्धान र विश्लेषण गर्ने जिम्मेवारी नेपाल प्रहरी प्रधानकार्यालय कार्यविभाग प्रमुखको हुन्छ। तत्कालीन कार्यविभाग प्रमुख प्र.अ.म.नि. शाहबाट उक्त जिम्मेवारी पूरा गरिएको देखिएन।

प्र.अ.म.नि. शाह भदौ २३ गते नेपाल प्रहरी प्रधानकार्यालय कार्यविभाग प्रमुख (Operation Chief) जस्तो महत्त्वपूर्ण जिम्मेवारीमा थिए। त्यस अतिरिक्त प्र.अ.म.नि. शाह सङ्घीय संसद् भवन बानेश्वरमा खटिएको विशेष प्रहरी कार्यदल (STF) को पनि Ultimate Commander थिए। STF ले भिड हटाउन बल प्रयोग गरेको त्यहाँ खटिएको कमान्डरको भनाइ रहेको छ। आफ्नो मातहतको सङ्गठनले बल प्रयोग गर्दा त्यसको जानकारी प्र.अ.म.नि. शाहलाई Chain of command बाट गएको प्रस्ट छ। निजले भदौ २३ गते सङ्घीय संसद् भवन परिसर वरपर दिउँसो करिब १२:०० बजेदेखि प्रदर्शनकारी र सुरक्षा बलबिच झडप भइ करिब ४ घण्टासम्म अत्याधिक बल प्रयोग भइ हताहतको सङ्ख्या अत्यधिक हुँदा तनाव कम गरी स्थितिलाई नियन्त्रणमा लिन गोली प्रहारलाई रोकी (Cease Fire) मानवीय क्षति कम गर्न आवश्यक भूमिका खेलेको देखिएन। निजले प्र.अ.म.नि.ले सङ्घीय संसद् भवन परिसरमा भइरहेको प्रहरी र प्रदर्शनकारीहरूबिचको करिब चार घण्टाको मुठभेडको बेला तत्कालीन प्रहरी महानिरीक्षकलाई कुनै सल्लाह सुझाव पनि दिइएको देखिएन। यो पनि उनको गैरव्यावसायिक क्रियाकलाप हो।

नेपाल प्रहरी प्रधानकार्यालय कार्य विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक जस्तो जिम्मेवारीपूर्ण पद सम्हालेको अधिकारीले ROE को व्यवस्था लागू गर्न आवश्यक पहल गर्नुपर्नेमा सो नगरेको कारण फिल्डमा खटिने प्रहरी कर्मचारीहरूमा हुनुपर्ने व्यावसायिकताको कमीले र स्पष्ट निर्देशनको अभावमा भदौ २३ गतेको घटनामा जथाभावी बल प्रयोग भइ हताहतको सङ्ख्या बढेको देखिन्छ। सङ्घीय संसद् भवन सुरक्षार्थ खटिएको STF (प्रहरी विशेष कार्यदल) टोलिलाई हतियार प्रयोगबारे स्पष्ट लिखित निर्देशन (ROE) उपलब्ध नगराउनु प्र.अ.म.नि. शाहको कमजोरी देखिन्छ।

व्यावसायिक प्रहरी अधिकृतले आफ्नो जिम्मेवारी राम्ररी बुझेर व्यावसायिक ढङ्गले नै सम्पादन गरिरहेको हुन्छ। पहिलो फाएर कहाँबाट कसले खोल्यो भन्ने सूचना नहुनु र सबै रिपोर्टिङ प्रहरी महानिरीक्षकसँग हुने भएकोले मेरो भूमिका न्यून रहने प्र.अ.म.नि. शाहको भनाइ जिम्मेवारपूर्ण देखिँदैन।

भदौ २४ गते टङ्गालस्थित भाटभटेनी र नक्सालको हिल्टन होटल जलाई आक्रमणकारीहरू नेपाल प्रहरी प्रधानकार्यालय नक्सालमा आक्रमण गर्न खोज्दा कार्यविभाग प्रमुख प्र.अ.म.नि.शाहले आक्रमणकारीहरूलाई मुलगेट भित्र प्रवेश गर्न नदिई नेतृत्वदायी भूमिका निर्वाह गरी नेपाल प्रहरी प्रधान कार्यालय नक्साललाई पूर्णरूपमा सुरक्षित राख्न सफल भएको पनि देखिन्छ।


## हार्दिक समवेदना



जन्म: २०२२/०८/१०
निधन: २०८३/०६/१४

भक्तपुर जिल्ला हाल भ.न.पा. वडा नं. १० बेखाल टोल बस्ने यस संस्थाका सदस्यता नं. १२६०५ का सदस्य **बुद्धिसागर अवाल**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ।

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, चोर्चा, भक्तपुर



## सिद्धि गणेश कर्नर

हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं।

### संस्थाको ३२औं वार्षिक साधारणसभाका गतिविधिहरु (असोज १७)




सभापति एवं संस्थाका अध्यक्ष रुद्रनारायण लाखा आफ्नो मन्तव्य राख्नुहुँदै।




संस्थाका उपाध्यक्ष विष्णुराम दुमरु आफ्नो मन्तव्य राख्नुहुँदै।




संस्थाका सचिव विष्णुप्रसाद दुमरु आफ्नो मन्तव्य राख्नुहुँदै।




संस्थाका कोषाध्यक्ष जयराम गोर्खाली आफ्नो मन्तव्य राख्नुहुँदै।




संस्थाका लेखा सुपरिवेक्षण समितिका संयोजक रामप्रसाद लाखाजु आफ्नो मन्तव्य राख्नुहुँदै।




संस्थाको निर्वाचन समितिका संयोजक कृष्णगोविन्द खाइजु आफ्नो मन्तव्य राख्नुहुँदै।

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**

चोर्चा-७, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com

ACCESS BRONZE


# सशस्त्र प्रहरीका एआइजी वंशीराज दाहाल निलम्बित

काठमाडौँ, १९ असोज। गृह मन्त्रालयले सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) वंशीराज दाहाललाई निलम्बन गरेको छ।

सुरक्षासँग सम्बन्धित संवेदनशील सूचना चुहावट गरी पदीय आचरणविपरीत काम गरेको आरोपमा सशस्त्र प्रहरी बल, नेपालले दाहालमाथि कारबाही गर्न मन्त्रालयमा सिफारिस गरेको थियो।

मन्त्रालयले उक्त आरोपमाथि जाँचबुझ गर्न २०८३ असोज १९ गतेको निर्णयअनुसार दाहाललाई निलम्बन गरी तीन दिनभित्र जाँचबुझ सम्पन्न गरेर प्रतिवेदन पेस गर्न जाँचबुझ अधिकृत तोकेको जनाएको छ।

गृह मन्त्रालयले आफ्ना मातहतका कर्मचारीबाट हुने पदीय आचरणविपरीतका कार्य, संवेदनशील गोप्य सूचनाको चुहावट तथा शान्ति सुरक्षामा प्रतिकूल असर पार्ने गतिविधिमाथि निगरानी र विश्लेषण भइरहेको जनाएको छ।

मन्त्रालयले कानुनविपरीतका गतिविधि वा घटनामा संलग्न जोसुकैलाई प्रचलित कानुनबमोजिम कारबाही गर्ने जनाएको छ।

# कर्मचारी विधेयक दर्ताअघि ६ सयभन्दा बढीले छाडे सेवा

काठमाडौँ, १९ असोज (सेतोपाटी)। सरकारले नयाँ निजामती ऐन ल्याउने, एकपटकका लागि धेरै कर्मचारीलाई अवकाश दिन ३० वर्षे सेवा अवधि र ५५ वर्षे उमेर हद लागू गर्नेलगायतका व्यवस्था गरेपछि गत जेठदेखि नै राजीनामा दिने क्रम बढेको थियो।

असोज १ गतेदेखि १४ गतेबिचको नौ कार्यदिनमा मात्रै विभिन्न मन्त्रालयबाट स्वीकृत भएर निजामती किताबखानामा ४०४ वटा राजीनामा पुगेका छन्। त्यसअघि साउन र भदौ महिनामा २१० वटा राजीनामा पुगेका थिए। निजामती विधेयक असोज १५ गते सदनमा दर्ता भएको थियो। त्यसयता राजीनामा दिने क्रम थप बढेको छ।

साउन लागेयता कमल पोखरेल, बाबुराम अधिकारी, राजकुमार श्रेष्ठ लगायत ४ जना सचिवले राजीनामा दिएका छन्।

यो अवधिमा ६१४ जनाले राजीनामा बुझाएका छन्। त्यसमध्ये ४ जना विशिष्ट श्रेणी अर्थात् सचिवहरूले राजीनामा गरेका छन्। यसमध्ये लामो सेवा अवधि हुँदाहुँदै राजीनामा बुझाउने कमलप्रसाद पोखरेल हुन्। उनले सञ्चार सचिवबाट राजीनामा बुझाएका हुन्।

**किन राजीनामा बुझाए ?**

निजामती विधेयक अध्यादेशका रूपमा आउन सक्ने आशङ्का कर्मचारी वृत्तमा फैलिएको थियो। यो विधेयकमा मुख्यत: ३ वटा विषय - ३० वर्ष सेवा गरेका कर्मचारीलाई अनिवार्य अवकाश, ५५ वर्ष उमेर पुगेकालाई अनिवार्य अवकाश र पेन्सन दिँदा ३० वर्षको मात्रै अधिकतम सेवा गणना गर्ने व्यवस्थाका कारण कर्मचारीले राजीनामा दिन थालेका हुन्।

यसका साथै ऐन कार्यान्वयन भएपछि सरकारले जबरजस्ती निकालेर अवकाश दिएजस्तो हुने भएपछि केही कर्मचारीले पहिले नै राजीनामा दिएका हुन्। असोज १५ गते दर्ता भएको विधेयक कर्मचारीले आशङ्का गरेजस्तै आएको छ। यद्यपि ५५ वर्ष उमेर पुगेर अवकाश पाउनेको हकमा पेन्सनमा कटौती नहुने व्यवस्था गरिएको छ। तर ३० वर्षे सेवा अवधि पुगेका कर्मचारीलाई पेन्सनमा कटौती हुने देखिन्छ। यस्तो भएपछि विशेषत: ३० वर्षे सेवा अवधि पुगेका कर्मचारीले राजीनामा दिने क्रम थप बढेको हो।


## हार्दिक समवेदना



जन्म: २००९/०८/०४
निधन: २०८२/०९/२७

भक्तपुर जिल्ला हाल भ.न.पा. वडा नं. ७ इनाचो टोल बस्ने यस संस्थाका सदस्यता नं. ८३० का सदस्य **कृष्णगोपाल कासिछ्वा**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ।

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, चोर्चा, भक्तपुर

## हार्दिक समवेदना



जन्म: १९९७/०८/०९
निधन: २०८३/०६/१२

भक्तपुर जिल्ला हाल भ.न.पा. वडा नं. ६ भोलाछेँ टोल बस्ने यस संस्थाका सदस्यता नं. ५९३८ का सदस्य **पुनवीर दुवाल**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ।

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, चोर्चा, भक्तपुर



## विपद्को समयमा पर्न सक्ने मानसिक असरको न्यूनीकरण गरौं

❖ विपद्को समयमा डर, तनाव, चिन्ता, दु:ख तथा असहज महसुस हुनु स्वाभाविक हो,
❖ आफन्त, साथीभाइ तथा समुदायसँग खुलेर कुराकानी गरौं,
❖ सुरक्षित स्थानमा बसौं, आफू र परिवारको सुरक्षालाई प्राथमिकता दिऔं,
❖ बालबालिका, ज्येष्ठ नागरिक तथा असहाय व्यक्तिलाई विशेष साथ, सहयोग र भरोसा दिने गरौं,
❖ नियमित खानपान, पर्याप्त आराम, निद्रा तथा दैनिक गतिविधिलाई सकेसम्म निरन्तरता दिने गरौं,
❖ विपद्को समयमा अफवाहमा विश्वास नगरी विश्वसनीय स्रोतबाट मात्र सूचना लिने गरौं,
❖ अत्यधिक तनाव, डर वा मानसिक असहजता रहिरहेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं।

विपद्को समयमा एक-आपसमा मनोबल बढाऔं,
मानसिक स्वास्थ्य जोगाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


***विकासोन्मुख...***

सन् २०२५ को सेप्टेम्बरमा चीन र संयुक्त राष्ट्रसङ्घले सन् २०२५ देखि २०३० सम्मका लागि एक करोड अमेरिकी डलरको सहयोगसहित नयाँ विकास कोष घोषणा गरेका थिए।

उक्त कोषबाट कृषि, प्रविधि र डिजिटल विकासलगायतका क्षेत्रमा विकासोन्मुख देशलाई सहयोग गरिनेछ।

पहिलो चरणमा १६ वटा संयुक्त राष्ट्रसङ्घीय निकायबाट १०७ वटा परियोजना प्रस्ताव प्राप्त भएका थिए। ती प्रस्तावले विश्व दक्षिणका ११५ देशलाई समेटेका थिए।

अल-खतिबले आगामी दिनमा स्थानीय आवश्यकता, स्पष्ट परिणाम र लामो समयसम्म उपयोग गर्न सकिने परियोजनालाई प्राथमिकता दिनुपर्ने बताउनुभयो।

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: चक्रबहादुर चाकतु ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा